# थारु जातिको विवाह संस्कारमा आएको परिवर्तन

(सप्तरी जिल्ला अर्न्तगत राजविराज नगरपालिका वडा नं. १ को एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय अर्न्तगत समाजशास्त्र
विषयमा स्नातकोत्तर तह उपाधिको आंशिक आवश्यकता
परिपूर्तिको लागि प्रस्तुत

## शोधपत्र


प्रस्तुतकर्ता
रीमा कुमारी चौधरी
रोल नं. ६५ सेक्सन ए
त्रि.वि. दर्ता नं. ६–१–१२–२२९–२००७

**समाजशास्त्र केन्द्रिय विभाग**
कीर्तिपुर, काठमाण्डौ


२०७९

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय निर्धारित पाठक्रम अनुसार स्नातकोतर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित मेरो निर्देशनमा रीमा कुमारी चौधरीद्धारा थारु जातिको विवाह संस्कारमा आएको परिवर्तन (सप्तरी जिल्ला अर्न्तगत राजविराज नगरपालिका वडा नं. १ पडरीया को एक अध्ययन) शीर्षकको शोधपत्र तयार गरेको प्रमाणित गर्दै उक्त शोधपत्रको अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफरिस गर्दछु ।

मिति : २०७९/ /

..........................

**डा. मनहरि ढकाल**

शोध निर्देशक

समाजशास्त्र केन्द्रीय विभाग

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोतर उपाधिको आंशिक आवश्यकता पूरा गर्नको लागि रीमा कुमारी चौधरी द्धारा प्रस्तुत थारु जातिको विवाह संस्कारमा आएको परिवर्तन (सप्तरी जिल्ला अर्न्तगत राजविराज नगरपालिका वडा नं. १ पडरीया को एक अध्ययन ) बारे प्रस्तुत शोधपत्र स्नातकोतर उपाधिको लागि उचित ठहरिएकोले यस शोधपत्रलाई देहायको मूल्याङ्कन समितिबाट स्वीकृर्ति प्रदान गरिएको छ ।

| **शोधपत्र मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
| --- | --- |
| विभागीय प्रमुख (डा. युवराज लुइटेल) | .................................... |
| शोध निर्देशक (डा. मनहरि ढकाल) | .................................... |
| वाह्य निरीक्षक (डा. गुमान सिंह खत्री) | .................................... |

मिति : २०७९ / /

# कृतज्ञता ज्ञापन

विश्वमै धनी मानिने नेपाली समाजको संस्कृतिलाई पूर्ण बनाउन जात जातिहरुको विविधताको आवश्यकता र अपरिहार्यता छ, त्यति नै महत्व र योगदान थारु जातिको पनि रहेको छ । थारु समुदाय तराईको प्रमुख क्षेत्रफल ओगटेको आदिवासी जनजाति हो । सोझा, परिश्रमी, इमान्दार जातिको रुपमा चिनिने थारु जातिको सामाजिक तथा सांस्कृतिक संस्कार र अवस्थाको बारेमा केही जानकारी प्राप्त गर्ने उद्देश्यले मैले सप्तरी जिल्लाको राजविराज नगरपालिका वडा नं. १ पडरीया लाई अध्ययन क्षेत्र बनाएर शोधपत्र तयार गरेकी छु ।

यो शोधपत्र तयार गर्ने क्रममा यसको प्रारम्भदेखि अन्त्यसम्म आफ्नो क्षमताले भ्याए सम्म मेहनत र प्रयास गर्दै व्यवहारिक प्रयोगको प्रयास गरेको छु । यो शोधपत्र तयार गर्ने क्रममा विभिन्न महानुभावको सहयोग, सुझाव लिएको छु । यस क्रममा मलाई प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण माहानुभावहरुप्रति म अत्यन्त कृतज्ञ छु । यो शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य समय प्रदान गरी मलाई अमूल्य सल्लाह र सुझाव दिनुहुने मेरो आदरनीय शोध निर्देशक गुरु डा.मनहरी ढकाल ज्यू प्रति हृदयदेखि नै आभार प्रकट गर्दछु ।

यो शोधपत्र तयार गर्ने क्रममा आवश्यक सामाग्रीहरु सुरक्षित एवम् व्यवस्थित रुपमा राखेर सहयोग गरिदिने र लेखन कार्यलाई सहजता प्रदान गर्ने श्रीमान लोकेन्द्र चोधरी तथा प्रारम्भिक शिक्षा देखि उच्च शिक्षा सम्म दुःख कष्टका बावजुद मलाई यस तहसम्म पुग्न सहयोग पुऱ्याउने मेरा मातापिता प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी पडरीया गाउँ वडा नं. १ पडरीया का थारु समुदायका सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरु प्रति आभार व्यक्त गर्दछु भने यस कार्यमा सहयोग गर्ने बहिनी लक्ष्मी, भाइहरु अशोकानन्द, जयकान्त चौधरीलाई धन्यावाद व्यक्त गर्न चाहन्छु । अन्त्यमा यस शोधपत्रको उचित मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र विभाग कीर्तिपूरमा पेस गर्दछु ।

शोधकर्ता

रीमा कुमारी चौधरी

# विषयसूची


**पृष्ठ संख्या**

सिफारिस पत्र i

स्वीकृतीपत्र ii

कृतज्ञयता ज्ञापन iii

तालिका सूची vii

**अध्याय एकः अध्ययनको परिचय १-८**

१.१ अध्ययनको पृष्टभूमी १

१.२ समस्याको कथन ६

१.३ अध्ययनको उदेश्य ७

१.४ अध्ययनको महत्व ७

१.५ अध्ययनको सिमाङ्कन ८

**अध्याय दुईः साहित्यको पुनरावलोकन ९-१४**

२.१ सामान्य समीक्षा ९

२.२ सैद्धान्तिक समीक्षा १२

**अध्याय तीनः अनुसन्धान पद्धती १५-१८**

३.१ अध्ययन क्षेत्र छनौटको औचित्य १५

३.२ अनुसन्धानको ढाँचा १५

३.३ अध्ययनको समग्रता र नमुना १६

३.४ तथ्याङ्कका प्रकृति र स्रोतहरु १६

३.४.१ प्राथमिक स्रोत १६

३.४.२ द्धितिय स्रोत १७

३.५ तथ्याङ्क संकलन गर्ने विधिहरु १७

३.५.१ अर्न्तवाता १७

३.५.२ अवलोकन १८

३.५.३ मुख्य जानकार व्यक्तिसँगको अर्न्तर्वाता १८

३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण १८

**अध्याय चार: अध्ययन क्षेत्रको सामान्य परिचय** **१९-२७**

४.१ राजविराज नगरपालिकाको संक्षिप्त परिचय १९

४.२ जनसंख्या २०

४.३ पडरीया गाउँको इतिहास २०

४.४ थारु जातिको परिचय २१

४.५ थारु जातिको लैङ्गिक आधारमा शैक्षिक स्थिति २२

४.६ पेशागत स्थिति २४

४.७ वार्षिक आम्दनी २५

४.८ भू–स्वामित्व २६

४.९ पशुपालन विवरण २६

**अध्याय पाँच: सामाजिक तथा सांस्कृतिक अवस्था** **२८-३७**

५.१ विवाह पद्धतीमा आएको परिवर्तन २८

५.२ परम्परागत विवाहका स्वरुप २९

५.३ परम्परागत विवाह पद्धतीका स्वरुप र यसका प्रकारहरु ३०

५.३.१ मागी विवाह ३०

५.३.१.१ देखासुनी ३१

५.३.१.२ घरदेख ३१

५.३.१.३ कसकट्टी ३१

५.३.१.४ कुमरन ३१

५.३.१.५ चुलपत्थी ३२

५.३.१.६ मरुवा बनाउने विधि ३२

५.३.१.७ वेहुली चिनाउने विधि ३३

५.३.१.८ कन्यादान विधि ३३

५.३.१.९ सिन्हुरदान ३३

५.३.२ वाल विवाह ३४

५.३.३ विधवा विवाह वा विधुर विवाह ३४

५.३.४ वहु विवाह ३५

५.४ अहिलेसम्म कायम रहेका विवाहका प्रचलनहरु ३५

५.५ परिवर्तित विवाहका स्वरुपहरु ३६

५.५.१ मगि विवाहमा आएका परिवर्तनहरु ३६

५.५.२ प्रेम विवाह ३७

५.५.३ अदालती विवाह ३७

**अध्याय छ : परिवर्तित विवाह स्वरुपका कारणहरु ३८-४१**

६.१ शिक्षा ३८

६.२ सुचना, संचार र प्रविधि ३९

६.३ आर्थिक कारण ३९

६.४ जीवीकोपार्जनमा आएको परिवर्तन ४०

६.५ आधुनिकीकरण तथा शहरीकरण ४०

६.६ बसाँईसराई ४१

६.७ मनोवैज्ञानिक तत्व ४१

**अध्याय सात: सांरश र निष्कर्ष ४२-४४**

७.१ सारांश ४२

७.२ निष्कर्ष ४३

**सन्दर्भसामग्री ४५–४६**

**परिशिष्ट १ ४७–४८**

**परिशिष्ट २ ४९**

**अध्ययन क्षेत्रका दृष्यहरु ५०**

**अध्ययन क्षेत्रको नक्सा ५१**

# तालिका सूची

तालिका नं. १ थारु जातिको घरपरिवारका सदस्यको लिङ्गको आधारमा शैक्षिक स्थिती २३
तालिका नं. २ पेशाको आधारमा उतरदाताहरुको विवरण २४
तालिका नं. ३ उतरदाताहरुको वार्षिक आम्दानीको विवरण २५
तालिका नं. ४ उतरदाताहरुको भू-स्वामित्को विवरण २६
तालिका नं. ५ उत्तरदाताहरुले पालेका पशुपंक्षीहरुको विवरण २७

# अध्याय एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्टभूमि

विवाह सबैभन्दा पुरानो र बढी महत्वपूर्ण एक समाजिक संस्था हो। समाजमा विवाहको प्रचलन भए देखि नै मानविय समाज संगठीत र अनुशासित हुँदै अगाडी बढेको छ। प्रारम्भमा जैविकय कारणले नै महिला पुरुषबीच पहिलो सम्पर्क भयो जसलाई समाज सापेक्ष विकास गराउने काम विवाह प्रथाको विकास पछि मात्र भयो। विवाहले परिवार तथा नाता सम्बन्धको विकास गरेको छ। यस पछि नै तेरो मेरो भन्ने भावनाको विकास भयो जसले गर्दा समाजको प्रगति र परिवर्तन पछि छिटो छिटो हुन् सक्यो र निश्चित स्वार्थका लागि मानिस संगठित हुँदै अगाडी बढे।

विवाहमा आधारभुत आवश्यकता पुरा गर्न सामुहिक कार्य गरिन्छ जुन सामाजिक मुल्य मान्यता र संस्कृतिमा निर्भर रहेको हुन्छ। महिला र पुरुष बीच वैवाहिक सम्बन्ध राख्ने सम्बन्धमा को संग कसको वैवाहिक सम्बन्ध गाँस्न सकिन्छ र को संग हुँदैन भन्ने सम्बन्धमा प्रत्येक समाजका आ-आफनै प्रचलन र मान्यताहरु हुन्छन्। यसैले विवाहलाई बृहत र व्यवस्थित कार्य प्रणालिको तरिका हो भन्न सकिन्छ। विवाह कार्यमा केटा पक्ष र केटी पक्ष बिच के कसरी विवाहका लागि सम्बन्ध बढाउने र कुरा चलाउने भन्ने सम्बन्धमा पनि निश्चित सामाजिक मान्यता रहेको हुन्छ। वर्तमान समयमा भन्ने यस्ता प्रचलनहरुमा केही परिवर्तन आएका अनुभव गर्न सकिन्छ। यस्ता कार्यमा अभिभावकको भुमिका घटेको छ। लुइस हेनरी मोर्गनले ( २००७ ) भन्दछन् , शुरुमा विवाहरुपी कुनै संस्था थिएन। कुनै पनि महिला वा पुरुषले कुनै पनि महिला वा पुरुषसँग स्वतन्त्र रुपमा यौन सम्बन्ध राख्न सक्थे। समयको विकासक्रमसँगै स्वास्नीलाई ऋणमा दिने चलन पनि विकास भयो। प्रारम्भमा समाजमा बाबुको विशेष स्थान थिएन र बढी जस्तो वंश वा सन्तान आमाबाट ने चिनिन्थे। यसैले प्रराम्भिक समाज मातृसतात्मक थियो भन्न सकिन्छ ( आचार्य, २०६५ )।

विवाह गृहस्थी जीवनको अभिन्न अङ्ग हो। ब्राह्म, दैव, आर्ष, प्रजापत्य, गान्धर्व, राक्षस, आसुर तथा पैशाच गरी आठ प्रकारका विवाह शास्त्रहरुमा देखिन्छन्। हामीकहाँ शास्त्रद्धारा

बाहुनका लागि तोकिएका ब्रह्म, दैव, आर्ष र प्रजापत्यसम्मका विधि हुन् गन्धर्व विवाह भनेको केटाकेटीले एक अर्कालाई मन पराएपछि आपसमा छानीचुनी गर्ने विवाह हो। आजको भाषामा यो प्रेम विवाह हो। यो विवाह विशेषत क्षेत्री र अन्य जातिका लागि निर्धारित थियो। तर अचेलको विवाह पद्धतिमा ( बाहुनको समेत ) सुरुमै गन्धर्व विवाह विधि गरेपछि बल्ल अरु विधिमा जाने चलन छ। चोखो रक्तसम्बन्धबाट गर्भधान भएको र उपर्युक्त शास्त्रीय विधिविधान पुरा गरी जन्मेहुर्केको बाहुनको छोराले यस्तै आचारशील परिवारमा हुर्केको बत्तीस लक्षनले युक्त कन्यासँग विवाह गर्नुपर्दछ।

तीस वर्षको केटाले बाह्र वर्षकी र चौबीस वर्षको केटाले आठ वर्षकी केटी सँग विवाह गर्नुपर्छ अन्यथा धर्म नाश हुन्छ। कन्याको विवाह आठदेखि दस वर्ष सम्मको उमेरमा गरिसक्नुपर्छ। अन्यथा बालिकामा कौमार्यसँगै शरीरमा विकास हुने अपवित्र हुनेछ। यदी यसो भएन भने माइती पक्षका सात पुस्ता अघि र सात पुस्ता पछिका तथा आफु समेत पन्ध्र पुस्ताले नरक भोग्नु पर्दछ भनिएको छ।

के आज हामीले यी नियमहरुको पालना गर्ने गरिरहेका छौँ। आज त तिस पैँतिस वर्षकी छोरीलाई पनि कन्यादान गरिदिने गरिएको छ। जब कि त्यस उमेरसम्म छोराछोरीहरुले देश बिदेशमा एक्लै बसेर पढ्दा सामान्यतः कौमार्य गुमाइसक्ने मात्र होइन, वर्षौसम्म केटाकेटी एउटै कोठामा बस्ने र आफ्ना शारीरिक आवश्यकता पुरा गर्ने प्रचलन सामान्य जस्तै बनेको छ। अब यस प्रकारको चलन नेपालका सहरी क्षेत्रहरुमा पनि बाक्लै चल्न थालेको कुरा सुन्न र पढ्न पाइन्छ। आजको बदलिँदो जिवनशैली र उपभोक्तावादी बजार संस्कृतिले अनिवार्य रुपमा ल्याउने परिणामहरु मध्ये यो पनि एक हो ( शर्मा पौड्याल, २०७८ )।

मानिस प्रकृतिकै एउटा उत्कृष्ट सिर्जना हो। सृष्टिलाई कायम राख्नु उसको कर्तव्य नै हो। सृष्टिलाई निरन्तरता दिदा यौन सम्बन्धको जरुरत पर्दछ। मानिसका धेरै किसिमका आवश्यकताहरु हुन्छन्। ती अनेक आवश्यकताहरुमध्ये यौन आवश्यकता पनि एउटा अपरिहार्य र अनिवार्य आवश्यकता हो। यौन सम्बन्ध विना सृष्टिको निरन्तरता सम्भव छैन। यस्तो अनिवार्य र अपरिहार्य यौन आवश्यकतालाई व्यवस्थित एवं नियन्त्रित ढङबाट पुरा गर्न मानव समाजले अपनाएको स्वीकृति एवं वैधानिक प्रचलन नै विवाह हो। संसारमा विवाह गर्ने आ-आफ्नै तरिका हुन्छन्। वास्तविक रुपमा विवाह भनेको एउटा केटा र केटी बीचमा यौन स्वीकृति प्रदान गर्ने सामाजिक संस्कार हो।

हेवेलले भनेका छन् , विवाह सामाजिक मान्यता तथा मापदण्डको त्यो जटिलता हो जसले विवाहित व्यक्तिहरुको आपसी सम्बन्ध तिनीहरुको रक्तसम्बन्धी नाता ,सन्तान तथा समाजको सम्बन्धलाई परिभाषित र नियन्त्रित गर्दछ। त्यस्तै वोगाडर्सले विवाहलाई स्त्री र पुरुषले परिवारिक जीवनमा प्रवेश गर्ने संस्था हो भनेका छन् । यसरी समग्रमा विवाह एक पुरुष र एक महिलाबीच परिवारिक बन्धन बाँधिनुको साथै यौन सम्बन्धलाई वैधिकता प्रदान गर्ने एउटा धार्मिक सामाजिक संस्कार हो ( घिमिरे, २०६५ ) ।

विवाह संसारका सबै समाजहरुमा पाइने महत्वपूर्ण सामाजिक संस्थाहरुमध्ये एक हो जुन जोडी चयनका विभिन्न प्रकारहरुको सामना गर्दैन । यस संस्थाको एउटा मुख्य मुद्दा यो हो की यसले घरपरिवार स्थापना गर्ने, सन्तानको हेरचाह र पालन पोषण गर्ने उदेश्यले पुरुष र महिलाको मिलनलाई स्वीकृति दिएको छ। मजुमदार (१९७७) का अनुसार विवाह भनेको समाजको आधारभूत र महत्वपूर्ण एकाई हो किनभने यसले मानव पुँजीको स्रोत र सृजनामा भूमिका खेल्दछ ।

ग्यारी र सुसान (२०१० )का अनुसार सामाजिक निहित विवाहले नाता बनाउँछ यो एक संस्था हो जसमा पारस्परिक सम्बन्ध हुन्छ समान्यतया घनिष्ठ र यौनलाई विभिन्न तरिकामा स्वीकार गरिन्छ र यो संस्कृति र उपसंस्कृति माथि निर्भर गर्दछ । उहाँहरुको अनुसार आर्थिक भूमिकामा विवाह अघि वा पछि चार प्रकारको लेनदेन हुन्छ जस्तै दुल्हीको सम्पति, दाइजो र विवाहको प्रमाणीकरणको लागि पारस्परिक विनिमय हुन्छ ।

नेपाली समाजमा विवाहको परिवर्तित स्वरुपमा परम्परागत हिन्दु समाजमा वालविवाहलाई स्वीकारेको थियो र लगभग ७-८ वर्षमा नै कन्याको विवाह हुने गर्दथ्यो। त्यसै गरी रजस्वला नहुदै विवाह गरी चोखोजल खानु पर्दछ भन्ने मान्यता अझै नेपाली समाजमा भेटीन सकिन्छ। विगतमा यस्तो स्थितीमा निकै ठूलो परिवर्तन आएको देखिन्छ। वालविवाहलाई कानुनले दण्डनीय मानेको छ। वर्तमान अवस्थामा सबै समुदायमा कानुनले कम्तीमा महिलाको १८ वर्ष र पुरुषको २१ वर्ष विवाहको उमेर तोकेको छ। यसै गरी विवाहमा जातभात हेर्ने प्रचलनमा पनि कमी आएको छ र केटाकेटीलाई थाहै नदिई अभिभावकले नै सबै प्रबन्ध मिलाउने प्रचलनमा पनि कमी आएको छ। वर्तमान समाजमा अन्तरजातीय विवाह, प्रेम विवाह जस्ता विवाहका नयाँ प्रचलन विकसीत भएको पाईन्छ ।

हिन्दुको विवाहमा प्रारम्भमा बधुमुल्यको प्रचलन थियो भने वर्तमान समयमा दाइजो प्रथाले समाजलाई नराम्ररी गाँजेको छ । घरराख्ने बुहारी विवाह गर्ने, कुनै कुलको वा सम्पतीवाला केटा खोज्ने प्रचलनमा धेरथोर परिवर्तन आएको छ । वर्तमानमा क्षमता, रुप, पेशा, शिक्षा, आचरण, धन जस्तो पक्षलाई बढी महत्व दिइन्छ । विवाहमा अन्तिम निर्णय केटा र केटीको हुने तथ्यलाई ठूलो र सकारात्मक परिवर्तन मान्न सकिन्छ । प्रारम्भमा बहुपत्नी विवाह बढी थियो भन्ने वर्तमानमा एकल विवाह नै सर्वश्रेष्ठ मानिएको छ र अहिले प्रचलनमा पनि छ । विवाहबाट छोराछोरी नजन्मेमा वा छोरा नजन्मेमा दोश्रो विवाह गर्ने प्रचलनमा केही परिवर्तन आएको छ । छोराछोरीलाई समान रुपले हेर्नु पर्दछ भन्ने मान्यताको विकास भएको छ । यसै गरी विधि पुर्‍याएर, मण्डप राखेर विवाह नगरी मन्दिरमा विवाह गर्ने प्रचलन फेसन जस्तै भएको छ भन्ने अदालती विवाहको प्रचलन पनि देखिन्छ । समाजमा हुनेखानेले विवाहलाई निकै बढी भडकिलो र खर्चिलो गरी विवाह गरेका छन् र गरिबका छोराछोरीको विवाह नहुने स्थितीमा देखिएको छ । यो प्रकृयालाई समाजिक बिकृतिका रुपमा लिन सकिन्छ । विवाह गर्दा रात्रीको समयमा गर्ने प्रचलन हटेर दिउँसो नै विवाह समपन्न गर्ने गरीन्छ । केही दशक अगाडी दुईछाक मध्ये एक छाक केटा पक्षकाले आफ्नो जन्तिलाई खुवाउनु पर्दथ्यो भन्ने वर्तमानमा सबै जन्ति खर्च केटीको घरबाट बेहोरिन्छ । यद्दपी बिभिन्न समाज र संस्कृतिमा विवाहको प्रचलन र कार्यप्रणालिको तरिका भने फरक हुने गर्दछ ।

वर्तमान समयमा हिन्दु संस्कार अनुरुप रहेर सम्पन्न हुने विवाह पद्दतीमा परिवर्तन आएको हामी सबैले महसुस गरेको विषय हो । विवाहको दिन पक्का भएपछि विवाहपूर्व वधुबाट वरलाई स्वयंवर गर्ने प्रचलन छ । स्वयंवर कार्यक्रममा हुनेवाला लोग्ने र उसका नजिकका नाता पर्ने व्यक्तिहरु संग्लन हुन्छन् । आजकाल त स्वयंवरको दिनमा धेरै व्यक्तिहरु जाने र स्वयंवर उत्सबलाई बढी भड्किलो पार्ने प्रचलन बढी रहेको देखिन्छ । अर्कातिर ब्राहमण क्षेत्रीहरुको अधिकांश विवाहमा दाइजोको चर्चा , प्रतिस्पर्धा मात्र हुदैनन् कतिपय अवस्थामा त दाइजोकै कारण स्वयंवर पछि विवाह टुट्ने, विवाहपछि झगडा हुने , सम्बन्धविच्छेद हुने, कुटपिट वा असहयोग रहने जस्ता अवस्था समान्य बन्दै गएका छन् । यस्तो प्रचलनलाई सामाजिक विकृतिको घटिया नमुना मान्न सकिन्छ ( आचार्य, २०६५ ) ।

प्रा.ड. गोपाल शिवाकोटी (२०७४) का अनुसार पूर्वी तराईमा केटीको बाबुले केटा खोजेर विवाह गरिदिने चलन छ । पश्चिमका थारुहरुमा भन्ने केटा खोज्नका लागि नातेदारहरुले

सहयोग गर्ने गर्दछन् । प्रायः थारु जातिमा केटा भन्दा केटी बढी उमेरका हुने गर्दछन् । यस्तो नमिलेको विवाह खेतीमा काम गर्न सक्ने महिलालाई बुहारीका रुपमा भित्रयाउनु नै हो । थारु जातिमा सगोत्र विवाह मामाचेला र फुपुचेलीमा विवाह निषेध छ । यो जातिमा मागी विवाह, चोरी विवाह र जारी विवाहको प्रचलन भए पनि प्रेम विवाहको प्रचलन भने ज्यादै कम छ र जुन उदाएपछि मात्र दुलहीलाई घरमा भित्रयाइन्छ । पछिलो समयमा थारु जातिमा विवाह हुँदा खेरी केटी केटाको उस्तै उमेर हुने वा केटीको कम र केटाको बढी र केटीको नै पनि बढी हुन थालेको छ र पहिले केटासँग दाइजो लिइन्थियो भने अहिले लिदैनन् बरु खुसीले केटीवालाले केही सामानहरु दिने गर्दछन् तर दबाबमा दिनै पर्छ भने छैन । अहिले आफ्नै जातिमा प्रेम वा अन्य जातिमा पनि प्रेम विवाह हुन थालेको छ । संयुक्त परिवारलाई मात्रै मन पराउने थारुहरु एकल परिवार पनि मन पराउन थालेको छ । विधवाले पनि विवाह गर्न पाउने आदि परिवर्तन समाजमा आएको छ । नेपाली समाजको परिवर्तन सँगै हरेक जातिमा विवाह संस्कारमा परिवर्तन अहिले देख्न सकिन्छ । विशेष गरेर भाउजु विवाहमा पनि कमि आएको छ वा हटिसक्यो भन्दा पनि हुन्छ किनभने थारु समाजमा वर्तमानमा भाउजु भेट्न गाह्रो छ । थारु जातिको संस्कार देखि लिएर विवाहलाई हेर्ने हेराइमा दिन-दिनै परिवर्तन देख्न सकिन्छ ।

आधुनिकीकरण परिवर्तनको नियमित प्रकृया हो । यो सामान्यतः नयाँ उपकरणहरु अपनाएर हुन्छ । नेपाली समाजमा विशेष गरी सूचना प्रविधि, संचार र शिक्षाको क्षेत्रमा कान्तिकारी परिवर्तन आएको छ । यी क्षेत्रमा भएको परिवर्तनले पारिवारिक संरचना र विवाहमा परिवर्तन आएको छ । आधुनिकीकरणका कारण संस्कृति पनि प्रभावित भएको छ ( थापा, कट्टेल २०१९ ) ।

नेपाली समाजमा विवाहमा विविध परिवर्तन भेट्न सकिन्छ । परिवर्तन एउटा चलिराख्ने परिक्रिया हो र यो हरेक समाजमा हेर्न सकिन्छ । त्यस्तै नेपालको सप्तरी जिल्ला अन्तर्गत राजविराज नगरपालिका वडा नं.१ पडरीयामा बसोबास गर्ने थारु जातिको विवाह संस्कारमा आएको परिवर्तनलाई समाजशास्त्रीय तरिकाबाट अध्ययन गर्ने प्रयास गरीएको छ । विवाहमा आएको परिवर्तन सम्बन्धि जानकारी लिन यस समाजको विवाहमा सामेल भई विविध जानकार व्यक्तिसँग पनि पुरानो परम्परा नयाँ तरिकाको विवाह संस्कारको बारेमा जानकारी लिइएको छ । यस्तै वर्णात्मक, विशलेषणात्मक तरिकाले विवाहको व्याख्या र विशलेषण

गरीएको छ। दिन प्रतिदिन थारु जातिको विवाहमा परिवर्तन देख्न सकिन्छ। जस्तै पहिला मागी विवाह बढी प्रचलनमा थियो भने अहिले प्रेम विवाहको प्रचलन बढेको भेटिन्छ। यसरी विवाह संस्कार भित्र प्रकार, कार्य, अन्तरक्रिया, अनतरसम्बन्ध प्रर्कायात्मक दृष्टिकोणबाट व्याख्या र विवेचना गरिएको छ।

## १.२ समस्याको कथन

विश्वव्यापीरुपमा बढ्दो आधुनिकिकरण तथा सांस्कृतिककरणले गर्दा थारु जातिको जिवनशैली र विवाहसंस्कारमा विभिन्न परिवर्तन देखिन थालेको छ। हुन् त परिवर्तन एउटा चलिरहने परिकृया हो। यो हरेक समाजमा हेर्न सकिन्छ। थारु जातिमा पहिला सानै उमेरमा विवाह गरिदिने चलन थियो र यो जातमा कुनै गरिब केटा छ भने त्यस्तो केटाहरुसंग दाइजो (केही रकम) लिने चलन थियो तर पछि आएर यो चलन हटेको छ। थारुहरुमा विशेष गरेर मागी विवाहको प्रचलन रहेको छ तर अहिले आएर प्रेम विवाह पनि गर्ने गरेको छ।

थारु जातिको आफ्नै मौलिक पहिचान र विवाह संस्कार रहेको छ जसमा धेरै परिवर्तन आइसकेको छ र कतिपय अवस्थामा लोप पनि भइसकेको छ र कतिपय निरन्तर रुपमा चलिआएको छ। यसको समाजशास्त्रीय रुपमा अध्ययन अनुसन्धान गर्नु आजको आवश्यकता देखिन्छ। हालमा आएर कतिपय कारणले संस्कृति हराउदै गएको छ। अरु जातिको संस्कृति वा भनौ परसंस्कृति ग्रहन गर्ने क्रम बढ्दो रुपमा देखिन्छ। थारु जातिहरुको विभिन्न संस्कारहरुमा धेरै कारणहरुले गर्दा विवाहमा पनि परिवर्तन हुन थालेका छन् जुन एउटा स्वाभाविक हो। यस सन्दर्भमा सप्तरी जिल्ला राजविराज नगरपालिकाको वडा नं.१ पडरीयामा बस्ने थारु जातिहरुको विवाह परम्परामा र विवाहमा के कस्तो परिवर्तन आएका छन् भन्ने बारेमा अध्ययन गरी शोधपत्र बनाउनको लागि निम्न प्रश्नहरुको उठान गरेर अध्ययन गरिएको छ।

अनुसन्धान प्रश्नहरु:

क. थारुहरुको परम्परागत विवाह संस्कारहरु के-कस्ता रहेका छन् ?

ख. वर्तमानमा थारु जातिको विवाह संस्कारमा के-कस्ता परिवर्तनहरु आएका छन् ?

ग. थारु जातिको विवाह संस्कारमा परिवर्तन आउनुका कारणहरु के-के छन् ?

## १.३ अध्ययनको उद्देश्य

आधुनिकिकरण ,सांस्कृतिकरण , विश्वव्यापीकरण र शहरीकरण भइरहेको अवस्थामा हरेक धर्म, संस्कृति , भेषभुषा, भाषा, रितिरिवाज , परम्परा जस्ता कुराहरुमा परिवर्तन भइरहेका छन् । यिनै कुराहरुको आफ्नो मौलिक पहिचान हराइरहेको छ , ऐतिहासिक कुराहरु लोप हुन थालेका छन् । यसरी नै थारु जातिको विवाह संस्कारहरु भित्र पनि धेरै विधिविधानहरु दुर्लभ भइरहेको स्थितिमा छन् अतः यस अध्ययनमा थारु जातिको विवाह संस्कार र यसमा के-कस्ता परिवर्तन आएको छ भन्ने कुरामा केन्द्रित रहेको छ जसमा निश्चित उदेश्यहरु निम्नानुसार रहेका छन् ।

- थारु जातिको परम्परागत विवाह संस्कारको बारेमा अध्ययन गर्न ।
- थारु जातिको विवाह संस्कारमा आएको परिवर्तन बारे उल्लेख गर्न ।
- थारु जातिको विवाह र वैवाहिक संस्कारमा आएको परिवर्तनका कारणहरुको व्याख्या र विश्लेषण गर्न ।

## १.४ अध्ययनको महत्व

विवाह संस्कार स्थापित हुनका लागि लामो समयदेखि परम्परागत रुपमा व्यवहार , रितिरिवाज विविध प्रचलनहरुले गर्दा स्थापित भएको हुन्छ । थारु जातिहरुको विवाह संस्कार र संस्कृति वा समग्र संरचनाहरुमा के कस्ता किसिमका परिवर्तनहरु आएका छन् । यस जातिको विवाह परम्परामा कस्तो प्रचलनलाई वर्तमानमा त्याहाँका थारुहरुले कसरी मनाउने गर्दछ र विविध संस्थाहरु भित्र कस्तो अन्तरसम्बन्ध प्रर्कायहरु गर्दछन् र संस्कारहरु भित्र पनि विविध पक्षहरुले कसरी प्रभाव पार्दछन् । थारु जातिको विवाह परम्पराको परिचय गराई विविध कारणहरुले थारुहरुको विवाहमा जुन परिवर्तन आएको छ त्यसलाई प्रकाश पार्नु अत्यन्त जरुरी देखिएकोले यो अध्ययन महत्वपूर्ण रहैको छ। समाजशास्त्रको विधार्थी भएकोले र आफु थारु जाति पनि भएको कारणले गर्दा समाजमा के कसरी सामाजिक

संस्थाहरु परिवर्तन भइरहेको छ भनेर थाहा पाउनु महत्वपूर्ण रहेको छ। थारु जातिको विवाहमा र अरु जातिमा फरक विधिविधान र तरिका हुन सक्छन्। विवाहमा फरक परम्परा, मुल्य मान्यता , रितिरिवाज हुन्छन् र पहिला र वर्तमान समयमा थारुहरुमा धेरै मात्रामा परिवर्तन आएको छ। त्यसलाई कसरी हेर्ने गरेको छ भन्नेमा यसको अध्ययन अनुसन्धान गरी जानकारी गराउनु आवश्यक भएकाले यो अध्ययन महत्वपूर्ण रहेको छ।

### १.५ अध्ययनको सीमाङ्कन

थारु जातिहरुको विवाहमा आएको परिवर्तन सम्बन्धि यस अध्ययनमा विभिन्न सिमाहरु रहेको छ जसमा आवश्यक स्रोत र साधन समय विषय वस्तु अनुसार वृहत र जटिल आदि जस्ता कारणहरुले अध्ययनलाई सिमा निर्धारित गर्न जरुरी देखिन्छ। यस अध्ययनको क्षेत्रलाई हेर्दा सप्तरी जिल्लाको राजविराज नगरपालिका वड नं. १ को पडरीयामा बस्ने थारु जातिहरुलाई मात्र समेटिएको छ।

थारु जातिहरुमा अध्ययन गर्न खोजिएका केही पक्ष गुणात्मक अनुसन्धानबाट गर्नु पर्ने भएकोले सो अनुसन्धानको लागि अवलोकन र अर्न्तवर्ता मात्र प्रयोग गरिएको छ। यस पडरीयामा बस्ने थारु जातिहरुको विवाह संस्कारमा आएको परिवर्तनहरु र कारणहरु समेटिएको छ। त्यसैले गर्दा यो अध्ययन सप्तरी जिल्लाको राजविराज वडा नं. १ पडरीयामा बसोबास गर्ने २० घरधुरीलाई नमुना छनौट विधि अपनाई ती घरधुरीहरुको समाजशास्त्रीय तरिकाले व्याख्या र विशलेषण गरिएको छ।

# अध्याय दुई
# साहित्यको पुनरावलोकन

## २.१ सामान्य समीक्षा

स्मिथ (२००७) का अनुसार धेरै साहित्यहरुले समाजिक रुपमा सम्बन्धित विश्वव्यापी परिवर्तनहरु भइरहेका छन् भनी प्रतिबिम्बित गर्दछ। उदाहरणका लागि संरचनात्मक परिवर्तनको साथ अमेरीकामा विवाहले कम प्रभावकारी भूमिका खेल्दछ यो एक पटक गरेको भन्दा। विवाहमा यो गिरावट पहिले देखि आएको हो किनभने मानिसहरुले विवाह गर्न ढिलाई गरीरहेका छन् र अर्को तलाक पनि बढेको छ। यो वृद्धि कम्तिमा केही हदसम्म महिला श्रममा भएको वृद्धिले गर्दा भएको हो र प्रजनन क्षमतामा गिरावटले गर्दा हो।

जेरीहम (२००४) का अनुसार इथियोपियामा परम्परागत र आधुनिक विवाह र परिवार प्रणालीमा धेरै परिवर्तनहरु भएको छ। जस्तो की सानै उमेरमा विहे गर्ने, अपहरण गरेर विहे गर्ने, श्रीमतीको उतराधिकार पनि घटदै गएको, मागी विवाहमा कमी आएको, विवाहपूर्वक यौनसम्पर्क समान्य बन्दै गएको, समाजले नारीको भर्जिनिटीलाई पनि कमै महत्व दिएको पाइन्छ र वर्तमानमा कमैले विवाह गर्ने गरेका छन्। यस्ता परिवर्तनका कारणहरु शिक्षा, सरकारी र गैर सरकारी संस्थाको हस्तक्षेपको प्रभावले गर्दा भएको छ।

र्ह्जबर्गर (१९९३) का अनुसार यो पितृसतात्मक समाजमा रहनसहन, मुल्य, मान्यता र परम्परामा ठूलो परिवर्तन आएपछि विवाहको प्रक्रियामा पनि ठूलो परिवर्तन आएको छ। पहिला खासगरी विवाहसम्बन्धी पारिवारिक मामिलामा युवतीहरुको बोलवाला थिएन। पहिला आफ्नै विवाह तय भएपनि हस्तक्षेप गर्न वा कुनै प्रश्न उठाउन पाँउदैनथे। विगतमा सम्बन्धविच्धेदलाई पनि एउटा कलङ्कको रुपमा हेरिन्थ्यो तर अहिले समय फेरिएको छ। केटाकेटीहरु साथि छनोट देखि लिएर खुलेरै विचार लिएर अगाडी आउन थालेका छन्। मानिसहरु अब धेरै आत्मकेन्द्रित भएका छन् र व्यक्तिगत कारणको भावनाले उनीहरुलाई परम्परागत मान्यता र कानुनी विवाह बिना घरपरिवार बनाउनबाट टाढा तानिरहेको छ।। (अफजल २००९) का अनुसार समाजका बढ्दो समृद्धिका कारणले गर्दा समाजका सम्वन्धविच्छेद भएकाहरु पनि राम्रोसंग आफ्नो जीवन बहन गर्न सक्नेछन्। यी सबै विवाहमा हुने परिवर्तनको संकेत हो।

गिन्जामंग (२०१४) का अनुसार उतरपूर्वि भारतको जवोस समुदायमा विवाह गर्नको लागि अब कुनै कडा र छिटो नियमहरु छैनन् र परम्परगत नियमहरु पालन गर्नुनै पर्छ भनेपनि छैन् । यहाँ त ईसाई धर्मको प्रभाव अन्तर जनजाति विवाह भइरहेको छ र चर्चले निश्चित रुपमा यस्ता प्रवृतिलाई प्रोत्साहन गरिरहेको छ । तर केही चिन्तित जनजाति समुदायहरु अझै पनि जनजाति भित्र विवाह गर्ने परम्परगत तरिकालाई कडाइका साथ पालना गर्दै गरेका छन् र अझै पश्चिममा उनीहरुले परम्परागत मापदण्डहरु कायम गर्दै परम्परागत अभ्यासहरु पालना गर्ने सन्दर्भमा सोचीरहेका छन् ।

नयाँ प्रविधिको आगमनले पनि विवाहमा परिवर्तन ल्याउने नयाँ कारकको रुपमा देखा परेको छ । पहिला संयुक्त परिवार थिए जहाँ परिवारका ठूलाहरुले साना सदस्यहरुमाथि नियन्त्रन गर्थे तर अहिले एकल परिवारहरु छन् । जसमा आमाबुवा दुबै काम गर्छन् र बच्चाहरुलाई केही हदसम्म बेवस्ता गरिन्छ र तिनीहरु माथि निगरानी हुँदैन जसकारणले उनीहरु एक्लै हुन्छ र संचारमाध्यमहरुको समर्थन लिन्छन् । तिनीहरु नेटवर्किङ साइटहरुको प्रयोग गर्छन जसले तिनीहरुलाई परिवारका सदस्यहरुबाट टाढा र बाहिरी संसारको नजिक बनाउँदछ ।

लेनिन ( १९३४) का अनुसार प्रेम विवाह वा मागी विवाह भए पनि नारीहरु केही सामाजिक स्थितीमा बाँधिनु पर्छ । पुरुषले प्रेमको नाटक यौनका लागि गरेको देखिन्छ । नारीहरु म जस्तै स्वतन्त्र हुन् भनेर पुरुषले सोच्दैन । त्यसैले उनका अनुसार नारीहरुलाई पुरुषको बराबरमा ल्याउन समाजको अर्थ व्यवस्था र आम उत्पादकको श्रममा नारीहरुले भाग लिनु जरुरी छ । समाजशास्त्री मिश्र (२०६७) ले पनि यस कुराको पुष्टी गरेका छन् । उनका अनुसार समाजवादमा जस्तै व्यक्तिगत सम्पति नै समाजमा हुनुहुन्न । व्यक्तिगत सम्पति रहने हो भने महिला र पुरुषबीच त्यसको समान वितरण हुनुपर्छ । उनले अगाडी भनेका छन् बच्चा पाउने काम महिलाको भएपछि हुर्काउने काम पुरुषको जिम्मामा सानुपर्छ । परिवार प्रणालीमा कामको वैज्ञानिक बाँडफाँड हुनुपर्दछ । त्यस्तो वैवाहिक सम्बन्धबाट गोरवपूर्ण जिवन , सदभावपूर्ण जीवन , प्रेमपूर्ण जिवनको सिर्जनशील र उर्जाशील जीवनमा अपेक्षा गर्न सकिन्छ । त्यस्तो सम्बन्धले मानविय उच्चतालाई बढाउन सक्छ , सुन्दर समाजको आधारशील बन्न सक्छ ।

गेब्रिएला (२०१४) ले खासगरी आफ्नो लेखमा भनेका छन् कि बिसौं शताब्दीको सुरुवातमा एशिया र अफ्रिका तिर ७२% वा धेरै जनाले मागी विवाह अपनाएको थियो र विवाहको

तयारी परिवारद्धारा गर्ने गरिएको थियो। यस कार्यमा परिवारका अन्य सदस्यहरुको सहभागिता हुने गरिएको थियो। तर पछिल्लो शताब्दीमा यो विवाह ४०% लेघटेको छ। मागी विवाह अब प्रेम विवाहमा परिणत भएको छ। प्रेम विवाह बढ्नुको कारण यसलाई शिक्षा, रोजगारी, शहरीकरण तथा आर्थिक सँग जोडन सकिन्छ। जोनस (२०१०) ले यही कुरालाई प्राथमिकतामा राखेका छन्। उनको भनाई अनुसार पूर्वी र दक्षिणी पूर्वी एशियामा बिसौं शताब्दीमा एउटा व्यापक सामान्यीकरण के थियो भने मागी विवाह गर्ने व्यक्तिहरुसँग विभिन्न तहमा परामर्श गरी विवाह गर्ने परम्परा थियो। तर शताब्दीको अन्त्यमा यो लोप भएको अवस्था थियो। यो हुनुको कारण शिक्षा, आर्थिक अभिवृद्धि, शहरीकरण, रोजगारीलाई नै कारक मान्न सकिन्छ। उनले थप प्रष्ट गर्दै भनेका छन् विवाहको अभ्यासले आधारभूत सांस्कृतिक सिद्धान्तहरुलाई विभिन्न तरिकामा प्रतिबिर्मवित गर्दछ। मागी विवाहमा सम्पूर्ण शक्ति आमाबाबुको हातमा हुन्छ र यसको र्वातालापमा परिवारका अन्य सदस्यहरु पनि सामिल हुन्छ।

हेदर (२०१०) ले विवाहलाई आर्थिक र राजनीतिक प्रक्रियाहरुको अंश हो भनेका छन् जहाँबाट एउटा समूह बनाई त्यसबाट लाभ लिन सकिन्छ। त्यसकारण यी समूहहरुले मागी विवाहका लागि आफ्ना यूवाहरुलाइ गठबन्धन बनाउने र आदान प्रदानमा विशेष मूल्यवान ठान्दछन्।

पुरानो समयमा विवाह एकदम स्थिर संस्थाको रुपमा थियो र सम्वन्धविच्छेदको अवस्था थिएन। वैवाहिक जोडीको सम्वन्ध बलियो हुने गरिएको थियो र समाजिक सम्वन्ध सहितले विवाहित जोडी सँगै बस्न चाहे वा नचाहे पनि विवाहको नाता तोड्न पाइदैंन थियो। विगतमा सम्वन्धविच्छेदले ठूलो कलङ्क बोकेको थियो र छोराछोरीको लागि र परिवारको सम्मानको लागि धेरै बलियो दबाब थियो ( गुडी, १९७३ )। तर अहिले शिक्षाको विकास, प्रविधिको विकास र थप चेतनाका कारण विवाह संस्थामा परिवर्तन आएको छ। संसारभरी सम्वन्धविच्छेद बढ्दै गएको छ। ( ऐलन र ग्रे, २००१) का अनुसार प्रेम व्यक्तिगत प्रतिबद्धता र आन्तरिक सन्तुष्टिलाई आज विवाहको आधारशिलाको रुपमा हेरिन्छ।

## २.२ सैद्धान्तिक समिक्षा

संरचनात्मक प्रकार्यवादी दृष्टिकोणले विवाहलाई हेर्दा सामजिक र सांस्कृतिक पक्षको व्याख्या र विश्लेषण गर्दछ। विभिन्न इकाईहरु बीच अन्तरसम्बन्ध रहन्छ। सामाजिक व्यवस्था भित्र रहने विभिन्न संस्थाहरु सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक संगठन, परम्परा मुल्य मान्यता आदि पक्षहरु सामाजिक व्यवस्था संचालन प्रकियाहरु महत्वपूर्ण इकाइहरु हुन्। यिनै इकाईहरुबीच घनिष्ट सम्बन्ध रहन्छ। यस्ता इकाइहरुबिच प्रकार्य भइराखेको हुन्छ। सामाजिक आवश्यकता पुरा गर्नका निमित सामाजिक र सांस्कृतिक प्रक्रियाहरुको विकास भएको हुन्छ। जब दुईजना फरक व्यक्तिले आफ्नो सम्बन्ध बनाउछ आफ्नो आवश्यकता पुरा गर्नका निम्ति यौन आवश्यकता शारिरीक, मानसिक, आर्थिक राजनैतिक आदि समाजलाई संतुलनमा राख्नको निमित समाजमा विवाह सम्बन्धले प्रकार्य भइरहेको हुन्छ। औपचारिक रुपमा समाजले मान्यता दिएको हुन्छ र अनौपचारिक रुपमा प्रकार्य भयो भने समाजमा विकृति फैलिन सक्छ। अनौपचारी सम्बन्धमा टिकाउ पनि हुदैन। थारु समाजभित्र रहेर विवाह संस्कारमा भएका परिवर्तन र यसका एकाईहरु कियाशल नै रहन्छ। जब सम्म विवाह हुदैन तबसम्म जीवनलाई पूर्ण मानिदैन हिन्दु धर्म अनुसार तर विदेशतिर विवाह सम्झौताको रुपमा रहन्छ। पशिचमी देशमा कतिले विवाह नगरेर पनि संगै बस्ने गर्दछ। यस्ता कुराले समाजमा समस्याहरु आउन सकिन्छ।

महिलावादी अवधारणा अनुसार महिलाहरुको दृष्टिकोणबाट समाजलाई हेर्ने र व्याख्या र विशलेषण गर्नु हो। जैविक रुपले महिला र पुरुष भए पनि समाजले यिनीहरुको भुमिका फरक फरक दिइएको हुन्छ। घरपरिवार र समाजबाट हुने भेदभाव, शोषण उत्पीडन बारे मलिाहरुले मुक्ति पाउनु पर्दछ। समाजमा समानता पाउनुपर्दछ भन्ने विचार धाराले मलिाहरुको जिवनमा परिवर्तन ल्याउँदछ र पितृसतात्मक संरचनाको विरोध गर्छ। पहिला सानै उमेरमा विवाह गरिदिने, बच्चा पाउनै पर्ने, छोरा पाउनुपर्छ र धेरै बच्चा पाउने बाध्यताहरु थिए। कामको ज्याला पनि पुरुष भन्दा कम पाउने र घरको आय आर्जनमा र सामाजिक कार्यहरुमा पुरुषको निर्णय बढी चल्ने गर्दथ्यो र महिलाहरुमाथि पुरुषहरुको हस्तक्षेप रहने गर्दथ्यो। नारीहरुको सगङ्ठीत प्रयासले महिलाहरुको समान अधिकार र कानुनी संरक्षण स्थापना गर्ने लक्ष्य लिएको हुन्छ। मलिाहरुको आन्दोलन र विश्वास, विचार आदिले गर्दा समाजमा परिवर्तन आएको छ। नेपालको संविधान धारा १६ मा जीवन साथि

धान्ने तथा वैवाहिक जीवनको र सम्बन्ध विच्छेदको सन्तानको पालन पौषण आदिमा समान अधिकार महिलाहरुले पनि पाएका छन् (नेपालको संविधान २०७२ )। राणाकालमा विधवा विवाहलाई केही हदसम्म मान्यता दिएको थियो। सतीप्रथा अहिले हटेर गएको छ।

विवाह पहिला आमा बाबुको इच्छाले नै हुने गर्दथियो भन्ने अहिले विभिन्न समुह, संस्था, व्यक्ति समाज संग अन्तरक्रिया हुन् थालेको देखिन्छ। केटाकेटीलाई एक अर्का संग भेट्न दिने, एक अर्कालाई सम्झिने मौका दिने आदि जस्ता कुरामा सहमती दिने गर्दछन्। परिवारका सदस्यहरु मिलेर भएको विवाहमा सम्बन्ध मजबुत हुने गर्दछन्। अहिले आएर प्रेम विवाहको प्रचलन बढेको देखिन्छ। अन्तरजातिय विवाह पनि केही हदसम्म स्विकारन थालेको छ।

समाजशास्त्री चैतन्य मिश्र (२०५७) अनुसार मार्क्सवादी दृष्टिकोणले समाजलाई नियालेर हेर्दा समाजमा सामाजिक चलन, प्रकृया, ढाँचा तरिकाहरु आदि परिवर्तनशील रहेका छन् । विश्वसमुदायमा पुरानो समय देखी वर्तमान समयसम्म विभिन्न प्रकारका वैवाहिक पद्धतीहरु व्यहारमा देखा परेका छन्। केही नयाँ पद्धतिहरु विकास हुने क्रममा देखिन्छन्। इतिहासका कालखण्डलाई हेर्दा विशेष खालका समाजहरुमा वहु विवाह, विधवा विवाह, एकल विवाह जारी विवाह, प्रेम विवाह आदि प्रचलनमा देखिन्छन्। सबै प्रकारका विवाहहरुलाई हेर्दा कि त मागी विवाह अनुसार हुन्छ कि त प्रेम विवाह अनुसार हुने गर्दछ। मार्क्सबादी दृष्टिकोणबाट नियालेर हेर्दा विवाहलाई मागी र प्रेम विवाहलाई समाजवादी विवाह भनेर वर्गिकरण गर्नु आवश्यक देखिन्छ । मागी विवाह सामन्तवादसँग जोडेर हेरेको देखिन्छ । यी विवाहको तरिका वा ढाँचा खास तहका सामन्त, जातजाति, कुलघराना आदिमा वैवाहिक सम्बन्ध स्थापित हुने गर्दथियो । उत्पादनशिल र अरु पुस्तौनी सम्पतिको संरक्षन गर्न समान हैसियतका बिचमा वैवाहिक सम्बन्ध राख्ने गर्दथियो । विवाहमा वेहुला र वेहुलिको नभएर कुलका अरु मुलिहरुको भुमिका विशेष स्थान रहनुका साथै निर्णय अधिकार पनि उनीहरुमा नै निहित हुने गर्दथियो।

पुँजीवाद देखिए पछि मागी विवाहको वा सामन्ती विवाहको प्रचलनमा घट्न थाले र प्रेम विवाहको प्रचलनमा बढ्न थालेको देखियो । पुँजीवादले गर्दा औधोगीकरण हुन थालेर मानिसहरुमा गतिशिलता बढी भएर धेरै टाढाटाढाका इलाकाहरुमा बसोबास, आय आर्जन र शिक्षा लिने अवस्थाको उत्पति वा वातावरण सुरु भयो । व्यक्तिहरु व्यक्तिगत स्वतन्त्रताले

पश्रय पाउन थाल्यो । प्रेम विवाह फस्टाउन थालेको देखिन्छ । कम मान्छेहरु बोलाएर विवाह गर्ने प्रचलन शुरु भएको देखिन थालेको छ । यस्तो तरिकाले विवाहलाई समाजवादी वा प्रगतिशिल विवाह भन्ने गरिन्छ न की मागी र प्रेम त्यो भन्दा अलिकति एक कदम अगाडी बढेर समावादी विवाह नाम दिई समाजवादसँग टासिएको देखाउन खोजिएको छ । इतिहासका विभिन्न उत्पादनका प्रणालीहरु सँग विवाहलाई जोडेर विशलेषण गर्नु पर्ने मार्क्सवादी दृष्टिकोण रहेको छ ( ओभ्मा २०६८ ) ।

यस अध्ययनमा सप्तरी जिल्ला अर्न्तगत राजविराज वडा नं १ पडरीयामा बस्ने थारु जातिहरुको विवाह संस्कारमा आएको परिवर्तन बारे व्याख्या र विशलेषण संरचनात्मक प्रर्कायवादी दृष्टिकोणबाट गरिएको छ । विवाहमा विभिन्न परिवर्तन आएको छ र विवाहले गर्दा प्रकार्यहरु हुने गर्दछ र प्रकार्यले गर्दा नै विवाहमा परिवर्तन आएको पाइन्छ ।

# अध्ययन तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

सप्तरी जिल्लामा थारुहरु पुस्तौ-पुस्ता देखि नै आदिवासी जनजातिको रुपमा बसोवास गर्दै आएका छन् । सम्पूर्ण सप्तरी जिल्लाको थारु जातिको अध्ययन गाह्रो वा सम्भव नभएको अध्ययनको लागि राजविराज नगरपालिकाको वडा नं. १ पडरीया गाँउलाई छनोट गरिएको छ । यहाँ थारु जातिको वाक्लो बसोवास रहेको र अध्ययनकर्ताको त्यही क्षेत्रमा नै बसोवास भएको हुनाले यस क्षेत्रलाई छनोट गरिएको छ । यस नगरपालिकाको नं. १ पडरीयामा बसोवास गर्ने विभिन्न जातजातिहरुमा थारु जाति पनि एक हो । विशेष गरेर यस ठाँउमा बसोवास गर्ने विभिन्न जातजातिहरु (यादव, झा, साह, दास) मध्ये थारु जातिको वहुल्यता बढी रहेको छ। हालसम्म पनि पडरीया गाँउमा समाजशास्त्रीय दृष्टिकोणबाट खासै गहन अनुसन्धान हुन सकेको छैन । अनुसन्धानकर्ता आफु थारु भएकोले र थारु जातिको विवाह संस्कारको सम्बन्धमा वास्तविक तथ्यहरु उजागर गर्न यो अध्ययन क्षेत्रको छनौट गरिएको छ । साथै अनुसन्धानकर्ताको रुची भएको र अनुसन्धानकर्ता त्यही क्षेत्रको वासिन्दा भएकाले पनि यस स्थानलाई छनोट गरिएको हो । यस अध्ययनको लागि तथ्याङ्क संकलन गर्ने कार्य २०७९ साल साउन ५ गते देखि भदौ ९ गते सम्म गरिएको थियो ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन अनुसन्धान अन्वेषणात्मक तथा वर्णात्मक ढाँचाको रहेको छ । यि दुवै विधिको प्रयोग गरेर सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. १ पडरीयामा बस्ने थारु जातिहरुको विवाह संस्कारमा आएको परिवर्तनको बारेमा गरिएको छ । थारु जातिहरुको समाजमा भएको विवाह संस्कारमा कुन विधिहरु प्रचलनमा छ भने बारेमा व्याख्या र विश्लेषण गर्नुपर्ने भएकाले यो ढाँचा प्रयोग गरिएको छ । थारु जातिहरुको रितिरिवाज, पद्धती परम्परागत प्रचलन र त्यसको परिवर्तन आदि बारेमा व्याख्या र विश्लेषण गरिएको छ ।

यस शोधपत्र लेखनमा उपयुक्त रुपमा गुणात्मक विधिलाई लिइन्छ। यो विधिले खास गरेर समाजिक सांस्कृतिक परम्परा, रितिरिवाज,रहनसहन आदि अध्ययन गरिने छ। थारु जातिको विवाह संस्कारमा आएको परिवर्तनका साथै यस सँगै सम्वन्धित अरु विषयहरुको बारेमा पनि अध्ययन गरिएको छ।

### ३.३ अध्ययनको समग्रता र नमुना

यस अध्ययनमा अध्ययनको क्षेत्र सप्तरी जिल्लाको राजविराज नगरपालिका वडा नं. १ पडरीयामा बस्ने थारु जातिलाई मात्र समावेश गरिएको छ। यस वडामा थारु जातिको जम्मा ५५ घरधुरी रहेका छन्। उक्त ठाँउमा बसोवास गर्ने २० घरधुरीमा नमुना छनोटको विधि अपनाई तथ्याङ्क संकलन गरिएको छ। यो २० घरधुरी नमुना छनोट विधि बाट किन गरेको छ भने यो विधि प्रभावकारी हुन्छ र सत्य तथ्य तथा तथयाङ्क विश्वसनीय हुने गर्दछ जसले गर्दा यो विधि अपनाइएको हो। नमुना छनोटमा परेका घरमा गएर अवलोकन विधिबाट पनि तथयाङ्क संकलन गरिएको छ साथै मुख्य उतरदाताहरुलाई पनि सोधेर तथयाङ्क संकलन गरिएको छ। जस्तै स्थानीय नेता, शिक्षक, बुढाँपाखा आदि जस्ता व्यक्तिसंग थप जानकारी आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ।

### ३.४ तथ्याङ्कका प्रकृति र स्रोतहरु

थारु जातिको समाजिक परिवर्तन भित्र थारु जातिको विवाह संस्कारमा आएको परिवर्तनको क्रममा शोधपत्रका लागि चाहिने सामग्रीहरुको स्रोत अध्ययन क्षेत्र नै हो। यस अध्ययन संग सम्वन्धित दोस्रो श्रोत साहित्य दर्शनलाई लिन सकिन्छ। यस अध्ययनमा गुणात्मक र मात्रात्मक तथयाङ्कको प्रयोग गरी अन्वेषणात्मक र वर्णात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ।

#### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोतमा अध्ययनकर्ता अध्ययन क्षेत्रमा गएर थारु जातिको विवाह संस्कारमा आएको परिवर्तनको बारेमा उतरदातासंग प्रत्यक्ष भेटेर तथ्याङ्क संकलन गरिएको छ। प्रश्नावली .बनाएर, अर्न्तवार्ता लिएर, अवलोकन गरेर तथा जानकार व्यक्तिसंग अर्न्तवार्ता गरेर तथ्याङ्क संकलन गरिएको छ।

### ३.४.२ द्धितिय श्रोत

यस शोधपत्रका लागि द्धितिय सहायक स्रोत हो । यसमा अनुसन्धान क्षेत्रमा नगएर पनि अरु ठाँउबाट खोजेर ल्याई विषय अनुरुप थारु जातिको विवाह संस्कारमा आएको परिवर्तनको बारेमा अध्ययन गर्न मद्दत पुरयाएको छ । यस अर्न्तगत विषय अनुरुप लेख, रचना, शोधपत्र, पुस्तक ,इन्टरनेट साथै नगरपालिकाबाट केही रेकर्ड आदि तथ्याङ्क संकलन गर्न प्रयोग गरिएको थियो ।

### ३.५ तथ्याङ्क संकलन गर्ने विधिहरु

यस अध्ययनको प्रयोजनको असंरचित अर्न्तवार्ता अनुसूचिको प्रयोग गरिएको छ। तयार गरिएको प्रशनावाली राजविराज नगरपालिका वडा नं. १ पडरीयाका थारु समुदायमा शोधी सो समुदायबाट जे-जस्ता उतरहरु प्राप्त भए सोही अनुसार प्राप्त भएको उतरहरुलाई प्राथमिक तथ्याङ्कको रुपमा प्रस्तुत गरिएको छ ।

### ३.५.१ अर्न्तवार्ता

अर्न्तवार्ता भूमिका बाँधेर, यसमा विवाह संस्कार प्रति प्रत्यक्ष अनुसन्धानकर्ता र उतरदाता बिच सम्बन्ध कायम हुन्छ र यस्ता विधि विश्वसनीय पनि हुन्छ। यसमा अर्न्तवार्ता गर्दा थारु जातिहरुको विवाह संस्कारमा आएको परिवर्तन सम्बन्धमा विभिन्न प्रश्नहरु बनाएर उतरदातालाई दिई सोधेको र प्राप्त भएको उतर संकलन गरिएको छ । यसमा प्रयोग गरिएका तथ्याङ्कहरु संरचित र असंरचित दुबै अर्न्तवार्ता विधिद्धारा संकलन गरिएको थियो। नमुना छनोट विधि अपनाई तथ्याङ्क संकलन गरिएको थियो। घरमुलीसंग र घरमुली नभेटिएको अवस्थामा घरपरिवारका अन्य जानकार घरका सदस्य संग अर्न्तवार्ता गरिएको थियो। यसको लागि अर्न्तवार्ता अनुसुची तयार गरिएको थियो। अर्न्तवार्ता अनुसुचिमा विवाह संस्कार र यस प्रतिको बुझाई, कस्ता प्रकारहरु र कुन-कुन प्रकारका संस्कारका विधिहरु अपनाइन्छ जस्ता आदि कुराहरु लगाएत विवाह संस्कार सम्वन्धि प्रश्नहरु थियो - परिशिष्ट १ अनुसुचिमा। अर्न्तवार्ताको कममा प्रत्यक्ष गई उतरदाता समक्ष थारु जातिको विवाह संस्कारको बारेमा, विवाह पद्धती, रितिरिवाज , परम्परागत विधि , प्रक्रियाहरु आदिका बारेमा तथ्याङ्क संकलन गरिएको थियो। औपचारिक रुपमा छलफल कुराकानी भेटघाट गरी अर्न्तवार्ता गरियो र साथै तथ्याङ्क संकलन गर्दा अवलोकन विधि पनि अपनाइएको थियो ।

### ३.५.२ अवलोकन

यस विधिबाट थारु जातिको विवाह संस्कार र यो संग सम्वन्धित सम्पूर्ण पक्षहरुको प्रत्यक्ष हेरेर अवलोकन गरेर सबै जानकारी लिएर तथ्याङ्क संकलन गरी त्यही गाँउमा एउटा भाइको विहे हुँदा उनीहरु संग सहमति लिएर विवाह संस्कार हुँदा सहभागी भएको थिए । जसमा विवाहको सम्पूर्ण प्रकिया विधि , कियाकलाप ,आभुषण, खानपीन, घरको प्रकार, पौशाक, घरको बनावट, व्यवहार र एकअर्का प्रति हाउभाउ आदि सुचनाहरु थाँहा पाउन सजिलो भएको थियो । यो अवलोकन विधिमा यस्ता सुचनाहरु थाँहा पाउनलाई नै गरिन्छ । यस्तै खालको जानकारी हासिल गर्न प्रश्नावली विधिबाट जुनकुराहरु आउदैन जस्तो कि कति कुराहरु उतरदाताले झुठो पनि भन्न सक्दछ । त्यसैले यो विधि गर्न अत्यन्त जरुरी देखिन्छ । यो एक महत्वपूर्ण विधि हो ।

### ३.५.३ मुख्य जानकार व्यक्तिसँगको अर्न्तवार्ता

यस अध्ययनको लागि थारु जातिको विवाह संस्कारमा आएको परिवर्तनहरुका बारेमा सूचनाहरु प्राप्त गर्न प्रयोग गरिएको थियो । जानकार व्यक्तिमा शिक्षक, समाजसेवी , थारु समितिको अध्यक्ष, स्थानिय बुढाँपाखा आदिहरुलाई मुख्य स्रोतको रुपमा अर्न्तवार्ता विधिद्धारा अझै थप जानकारी आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । अर्न्तवार्ता र अवलोकन पछि विवाह सम्बन्धि जानकारी लिइएको कुराहरुको के कतिको ठीक छ र त्यसका लागि कति आवश्यक छ भन्ने विभिन्न जानकारी हासील गर्नका लागि यो विधि अत्यन्त महत्वपूर्ण रहेको थियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

तथ्याङ्कहरुलाई व्याखयात्मक र तालिका बनाई विशलेषण र विस्तार गरिएको छ । गुणात्मक तरिकाका तथ्याङ्कलाई तालिकिकरण र वर्गीकरण गरेर साङ्खिकिय विधिद्धारा विशलेषण र प्रस्तुतिकरण गरिएको थियो । थारु जातिको विवाह संस्कारमा आएको परिवर्तनलाइ शोधपत्र तयार गर्न यसको तथ्याङ्कको प्रस्तुतीकरण र व्यख्या र विशलेषण नगरी अनुसन्धान पुरा हुदैन । यसलाई राम्रो संग प्रस्तुत गरेको हुनुपर्दछ अनि मात्रै सफल र प्रभावकारी हुन्छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४.१ राजविराज नगरपालिकाको संक्षिप्त परिचय

राजविराज नगरपालिका नेपालको संविधान २०७२ को धारा २१५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका, स्वायत, संरक्षित वा विशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्येको प्रदेश नं. २ अर्न्तगतको सप्तरी जिल्लामा पर्ने एक स्थानीय तह हो ।

यो नगरपालिकाको नाम प्राचीन राजदेवी मन्दिरसँग जोडिएको छ। राजदेवी माँता यस भूमिमा विराजमान रहेको मान्यता अनुरुप यस नगरपालिकाको नाम राजविराज राखिएको हो। यो नगरपालिकाले नेपालको आधुनिक इतिहासमा एक सक्रिय राजनीतिक सहरको रुपमा रहदै आएको छ। यस क्षेत्रका केहि व्यक्तिहरु देशको प्रसिद्ध प्रभावशाली व्यक्तित्वहरुको रुपमा रहदै आएको छ ।

यो नगरपालिकाको क्षेत्रफल ५५.० वर्ग कि.मि र ६९,८०३ जनसंख्या रहेको छ। यो जिल्लाको सबैभन्दा पुरानो नगरपालिकाको साथ साथै सगरमाथा अञ्चल र सप्तरी जिल्लाको सदरमुकाम रहेको थियो। यो नगरपालिका नेपालको प्रदेश नं. २ को दक्षिणी-पूर्वी क्षेत्रमा रहेको छ। राजविराज नगरपालिका, नगरकार्यपालिकाको कार्यलय राजविराज वडा नं. ७ मा जिल्ला अदालत तथा भगवती मन्दिर सँगै रहेको छ। राजविराज शहर व्यवस्थित रुपमा ई.स. १९३८ मा भारतको जयपूर बजारको डिजाइन अनुसार बनाइएको हो। राजविराज नगरपालिका जिल्ला सप्तरीकै भ्रूण्डै मध्य भागमा अवस्थित छ। यो शहरलाई वि.सं. २०१६ सालमा नगरपालिका घोषण गरिएको थियो। साविकको राजविराज नगरपालिका, गा.वि.स.हरु - मलेठ, दिघवा, फर्सेठ, बिष्हरिया, देउरी भरुवा ) र केही गा.वि.स. को वडाहरु - हरिपुर -६, को मध्येपुरा ४-७, बोरिया ३-७ ) लाई समावेश गरि हाल १६ वडा वडाहरु यस नगरपालिकामा रहेको छ। राजविराजको दुरी नेपालको केन्द्रीय राजधानी शहर काठमाण्डौंबाट मुंग्लिन बजार- भारतपुर- हेटौडा- पथलैया- मिर्चैया- लहान- रुपनी हुदै ४५७ कि.मि.पर्दछ भने काठमाण्डौंबाट अरनिको राजमार्गको सानोठिमी- बनेपा- धुलिखेल र बि.पि. राजमार्गको - धुलिखेल- नेपालथोक- खुर्कोट- सिन्धुलीमाढी-

बर्दिबास र महेन्द्र राजमार्गको ढल्केवर-मिर्चैया-लहान-रुपनी हुदै २९७ कि.मी. पर्दछ। महेन्द्र राजमार्गको रुपनी खण्डबाट १० कि.मी. दक्षिणमा राजविराज रहेको छ। राजविराज नगरपालिका देखि भारतको कुनौली बजार ११ कि.मी. दक्षिणमा पर्दछ।

### ४.२ जनसंख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार १२१०९८ घर परिवार तथा ६३९२८४, पुरुष ३१३८४६ (४९%) र महिला ३२५४३८ (५१%) जनसंख्या रहेको यस जिल्लामा लैंगिक अनुपात ९६.४, जनघनत्व ४६९, बार्षिक जनसंख्या बृद्धिदर १.१४ रहेको छ। अन्यत्र जन्म भई यस जिल्लामा बसोबास गर्ने मानिसको जनसंख्या ५% मात्र छ। समग्र देशको जनसंख्यामा यस जिल्लाको जनसंख्या २.४१% हुन आउँछ। यस नगरपालिकाको वडा नं. १ पडरीयामा भन्ने जम्मा जनसंख्या ५९५५ रहेको छ।

### ४.३ पडरीया गाउँको इतिहास

पडरीया गाउँको इतिहासको कुनै तथ्य प्रमाण त छैन तर बुढापाकाले भनेको अनुसार राजविराजको भुगोल यति ठूलो थिएन। यहाँ शुरुमा थारुहरुको बस्ती मात्रै थियो। थारुहरु पश्चिम नेपालबाट आएको हो तर नेपालको कुन ठाउँबाट आएको हो भने यकिनका साथ कसैले भन् सकेको छैन। स्थानीय बासिन्दाहरुका अनुसार यस ठाउँमा थारुहरु लगभग १४–१५ पुस्ता अगाडी घोडामा बसेर आएका थिए। आफ्नो जीवन चलायमान राख्न यस ठाउँमा आएको हो भन्ने भनाइ रहेको छ। यहाँ आउँदा उनीहरुलाई बाँच्नको लागि पानिको आवश्यकता पर्यो। यसको लागि खोज्दै जाँदा पडरीया भन्ने ठाउँमा प्रशस्त पानि फेला पर्यो। यस ठाउँमा घना वनजङ्गल थियो जहाँ परारको रुखहरु धेरै थियो। यही परार बाट पडरीयाको नाम रहन गएको हो। समयको गतिशिलता संगै यहाँ विस्तारै ब्राहमण, नोनिया, यादव र अरु जातहरुको बसोबास हुन् थाल्यो। यसरी मानिसहरु बढ्दै गयो र उनीहरुले खेतवारी पनि विस्तार गर्न थाले। विस्तार गर्ने क्रममा राजदेवी मंदिर भएको ठाउँमा पुगियो तर राजदेवी मंदिर थियो भनेर कसैलाई थाहा थिएन। एक दिन खेत जोत्दै जाँदा ढुङ्गाको मुर्तिहरु भेट्न थाल्यो। त्यसपछि खोज्दै जाँदा शेन राजा वंशजको मंदिर थियो भने पता लाग्यो। राजाको घरको मुल देउताको रुपमा पूजा हुन्थ्यो। त्यसपछि राजदेवी माताको नाम

बाट विस्तार भएको ठाँउको नाम राजविराज राखियो भनि स्थानिय श्री तेजु चौधरी बताउनुहुन्छ ।

राजविराज शहरको स्वर्णिम इतिहासको कुरा गर्दा पहिला सप्तरी जिल्लाको सदरमुकाम हनुमाननगर थियो तर हनुमाननगर कोशी नदीको नजिक भएकोले गर्दा हनुमाननगरमा बाढी आउने र कार्यलयहरु डुबानमा पर्ने हुनाले त्यहाँ भएका कार्यलयहरु राजविराजमा सारियो र पछि राजविराजलाई नै सदरमुकाम बनाइयो । राजविराज संगै टासेका गाउँहरु धेरै थियो र यस्ता गाउँहरुलाई राजविराजमै गाभेर यसको क्षेत्रफल ठूलो बनाइयो ।

## ४.४ थारु जातिको परिचय

नेपालको तराई क्षेत्रमा बसोवास गर्ने थारु आदिबासी जनजाति समुदाय हो । यो जाति नेपालको चौथो ठूलो जातिका रुपमा पर्छ । (शिवाकाटी २०७४) का अनुसार थारु जाति कुनै एउटा कविला वा नश्ल समुदाय नभएर आफ्नो परम्परा, संस्कृति, रीतितिथी, धर्म भएको नेपालको मुख्य जातिको रुपमा रहेको छ । थारुहरु नेपालको पश्चिमदेखि पूर्वसम्म, चुरे पहाडका फेददेखि मधेस, भित्री मधेस र काठमाण्डौं उपत्यकामा ठूलो संख्यामा बसोवास गरिरहेका छन् । विदेशीहरु थारुलाई रहस्यमय जातिका रुपमा लिई उनीहरुबारे जान्ने प्रयास गरिरहेका छन् । खास गरी नेपाल एकीकरण पछि विदेशीहरुले थारु जातिबारे जान्ने प्रयास गर्दै आएका छन् ।

थारु जातिको उत्पति र नामकरणको सम्बन्धमा फरक फरक मतहरु रहेका छन् । यसबारे कसैले थारु जाति संस्कृतका स्थान् वा स्थास्नु शब्दबाट, कसैले बुद्ध धर्मको शाखा स्थेरवाद शब्दबाट वा कसैले स्थुर शब्दबाट तथा कसैले तराईका आदिबासी भएकाले तराई शब्दबाट, कसैले रैथाने अर्थमा ठालु शब्दबाट थारु जातिको उत्पति भएको मान्दछन । थारुको उत्पतिको सम्बन्धमा बुद्धसम्बन्धी जातक कथाले शाक्यवंशनै थारु जातिको उत्पति भएको भन्ने रहेको छ । कतिपयले कोचला शब्दलाई आधार मानेर कोचविहारका कोचहरुसँग सम्बन्धित भएको मानेका छन् । थारु पूर्वबाट नभएर पश्चिमबाट पूर्वतर्फ विस्तार भएको मानिन्छ । उपत्यकामा थारुहरुको बस्ती लिच्छविकालमा पनि थियो । शिवदेबको चापागाँउको शिलालेखले थारुहरुको गाँउ नै थियो भन्ने कुरा स्पष्ट हुन्छ । उत्पतिसम्बन्धी अर्को मतमा राजपूत तथा इच्छाकु वंशसम्बन्धी मत पनि रहेको पाइन्छ । यस सिद्धान्तले

थारुलाई राजपूत क्षेत्री मान्दछ । कतिपयले थारुहरु सिन्ध प्रदेशको थार मरुभूमिबाट आएको भन्ने मतसमेत राखेको पाइन्छ तर थार मरुभूमिमा कुनै मानिसको बस्ती सम्भव नभएकाले यो भनाइमा सत्यता देखिदैन । थारुहरु पनि आफूलाई अहिर वा कृष्णको सन्तान मान्ने गर्दछन् । यसरी थारु जातिको उत्पतिसम्बन्धमा वास्तविक निक्यौंल गर्ने काम अत्यन्त कठिन भएको छ ।

थारुहरु सामान्य गहुँगोरो, मझौला कद, थेप्चे नाक, बाक्लो ओठ र कस्सिएको मजबुत शरीरका हुन्छन् । पुर्वका थारुहरुका घर पूर्व पश्चिम र पश्चिमकाथारुका घर उतर दक्षिण फर्केका हुन्छन् । पूर्वका थारुहरुको घरहरुको बचिमा आँगन हुन्छ । पश्चिमका थारुहरुको घरमा आँगन खुला रहन्छ । पूर्वका थारुले देवता राख्ने घरलाई गोसाइ घर, भान्सा कोठालाई भन्सा, पाहुना घरलाई दरबाजा वा बसघरा भनिन्छ । थारु भाषालाई आग्नेय भाषाको रुपमा लिइन्थ्यो तर वर्तमानमा यसलाई भारोपेली आर्य परिवारको शाखाका रुपमा लिइन्छ । थारु भाषाको आफ्नै लिपि नभई देवनागिरी लिपिलाई लिपिका रुपमा प्रयोग गर्दै आएको छ ।

थारुहरुका आफ्नै संस्कृति, परम्परा र मौलिकता रहेका छन् । यसैले थारु समुदायबारे राजनितिक र आर्थिक रुपमा मात्र नभएर समाजवादी र मानवशास्त्रीहरुको चाखसमेत बढेको पाइन्छ । यस्तै पछिलो समयमा आएको आधुनिकीकरण, स्थानमा परिवर्तन र आधुनिक शिक्षाका कारण थारुहरुको मौलिकतामा समेत परिवर्तन हेर्न पाइन्छ ।

### ४.५ थारु जातिको लैङ्गिक आधारमा शैक्षिक स्थिती

विकासको आधारशिला शिक्षा हो । शिक्षा बिना विकासको कल्पना गर्न सकिदैन । शिक्षाले समाजको अन्धकारलाई हटाउन सघाउ पुऱ्याउँछ । शिक्षा बिनाको व्यक्ति सामाजिक रुपमा अन्धो हुन जान्छ । यस क्षेत्रको थारु जातिको शैक्षिक अवस्थालाई तालिकाको माध्यमबाट तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**थारु जातिको घरपरिवारका सदस्यको लिङ्गको आधारमा शैक्षिक स्थिति**

| क.सं. | शैक्षिक अवस्था | पुरुष | महिला | जम्मा | प्रतिशत(%) |
|---|---|---|---|---|---|
| १ | साक्षर | १ | ४ | ५ | ४.८१ |
| २ | निरक्षर | १ | १० | ११ | १०.५८ |
| ३ | १-५ | २ | ४ | ६ | ५.७६ |
| ४ | ६-८ | ८ | ३ | ११ | १०.५८ |
| ४ | एस.एल.सी/एस.इ.ई. | १५ | ६ | २१ | २०.१९ |
| ५ | +२ / प्रविनता प्रमानपत्र तह | ११ | १२ | २३ | २२.१२ |
| ६ | स्नातक | ८ | ४ | १२ | ११.५४ |
| ७ | स्नातकोतर वा सो भन्दा माथि | १ | २ | ३ | २.८८ |
| ८ | अन्य ( ०-५ वर्ष मुनिका) | ७ | ५ | १२ | ११.५४ |
| | जम्मा | ५४ | ५० | १०४ | १०० |

स्रोत ; अध्ययन क्षेत्र सर्वेक्षन, २०७९

शैक्षिक अवस्था भन्नाले कुनै पनि व्यक्तिले हासिल गरेको शिक्षा सम्बन्धी योग्यतालाई बुझाउँछ। माथिल्लो तालिक अनुसार अध्ययनका लागि छनोटमा परेका २० घर परिवारमा जम्मा १०४ जनाको शैक्षिक स्थिति हेर्दा महिला र पुरुषको शैक्षिक स्थिति लगभग एउटै रहेको देखिन्छ। पुरुष निरक्षरको संख्या १ रहेको छ भने महिलाको १० रहेको छ र पुरुषको साक्षरताको संख्या जम्मा १ छ र महिलाको ४ रहेको छ। त्यस्तै पुरुषको प्राथमिक तहको संख्या हेर्दा २ रहेको छ र महिलाको ४ रहेको छ तथा निम्न माध्यमिक तहको शैक्षिक अवस्थाको संख्या हेर्दा पुरुषको ८ र महिलाको ३ रहेको छ। त्यस्तै सबभन्दा बढी १५ जना पुरुषले माध्यमिक शिक्षा हासिल गरेको छ भने ६ जना महिलाले यो शिक्षा हासिल गरेको छ। उच्च माध्यमिक तहको शैक्षिक अवस्था हेर्दा ११ जना पुरुष र १२ जना महिलाले यो शिक्षा हासिल गरेको पाइन्छ। त्यसै गरी स्नातक तहको शैक्षिक अवस्था हेर्दा ८ जना पुरुष र ४ जना महिलाले यो शिक्षा हासिल गरेको पाइन्छ। त्यसै गरी स्नातकोतर शिक्षा हासिल गरेको अवस्था हेर्दा पुरुषको संख्या १ मात्रै रहेको छ भने महिला २ जना रहेको छ। यहाँ ५ वर्ष मुनिका जम्मा १२ अर्थात ११.५४% जनसंख्याको शैक्षिक अवस्था नभएकोले अन्य

जनसंख्यामा राखिएको छ। माथिको तथ्याङ्क अनुसार छोराछोरी दुवैलाई शिक्षा दिनुपछ,छारीलाई पनि उच्च शिक्षा दिनुपर्छ भने भावनाको विकास भएको पाइयो ।

## ४.६ पेशागत स्थिति

मानिसले आफ्नो जीवनलाई सहज बनाउन जिविकोपार्जन गर्न र जीवन निर्वाह गर्न तथा बाच्नको लागि कुनै न कुनै पेशालाई अबलम्बन गर्नुपर्ने हुन्छ। यसै क्रममा यहाँका थारु जातिले पनि थारु जातिले पनि विभिन्न पेशालाई अबलम्बन गरी बसेको पाईन्छ। पेसागत हिसाबमा हेर्ने हो भने यस अध्ययन क्षेत्रका थारु जातिको प्रमुख पेशा कृषी नै रहेको छ। अध्ययन क्षेत्रको पेशागत अवस्थालाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं.२**

**पेशाको आधारमा उत्तरदाताहरुको विवरण**

| क्र.सं. | पेशा | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | कृषि | ६ | ३० |
| २ | नोकरी | ५ | २५ |
| ३ | व्यापार | ४ | २० |
| ४ | ज्यालामजदुरी | २ | १० |
| ५ | विदेश गएको | ३ | १५ |
| | जम्मा | २० | १०० |

स्रोत ; अध्ययन क्षेत्र सर्वेक्षन, २०७९

माथिको तालिका अनुसार अध्ययनको लागि समेटिएको जम्मा २० घरधुरी मध्ये कृषि पेशामा सबैभन्दा बढी ३०%,नोकरीमा २५%,व्यापारमा २०%,ज्यालायमजदुरी गर्नेमा १०% र १५%विदेश गई विभिन्न पेशामा यहाँका थारु समुदाय आवद्ध रहेका छन् । यस तथ्याङकलाई अध्ययन गर्दा यस ठाँउको थारु समुदायको मुख्य पेशा भने कृषि नै देखियो र त्यसपछि नोकरी पेशामा आवद्ध रहेका छन् ।। मुख्य पेशा ज्यालामजदुरी गरी धन आजर्न गर्ने परिवारको संख्या सबभन्दा कम रहेको छ। यसरी हेर्दा कृषि पशाबाट बिस्तारै नोकरीतिर र यसपछि व्यापार पेशातिर अधययन क्षेत्रका व्यक्तिहरु लागेको देखिन्छ ।

## ४.७ वार्षिक आम्दानी

यस अध्ययनबाट अध्ययन क्षेत्रका थारुहरुको वार्षिक आम्दानी पत्ता लगाउने क्रममा उनीहरुबाट पाएको तथ्याङकलाई वर्षभरिमा गर्ने उत्पादन र अन्य कार्यहरु गरी आम्दानीको आधारमा सकेसम्म तथ्याङकलाई  सत्यताको नजिका पुऱ्याउने प्रयास गरिएको छ। यस अध्ययन क्षेत्रका थारुहरुको कृषि तथा अन्य पेशाबाट हुने वार्षिक आम्दानीको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**उत्तरदाताहरुको बार्षिक आम्दानीको विवरण**

| क्र.सं. | वार्षिक आम्दानी | उत्तरदाताको संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | < ३,००,००० | ७ | ३५ |
| २ | ३,००,०००-५,००,००० | ३ | १५ |
| ३ | ५,००,०००-७,००,००० | ५ | २५ |
| ४ | ७,००,०००-९,००,००० | ३ | १५ |
| ५ | ९,००,००० भन्दा माथि | २ | १० |
| | जम्मा | २० | १०० |

स्रोत ; अध्ययन क्षेत्र सर्वेक्षन, २०७९

माथिको तालिका अनुसा अध्ययनको लागि समेटिएको २० घरधुरीका ३ लाख भन्दा कम आम्दानी हुने परिवार ३५%, ३ लाख देखि ५ लाख सम्म आम्दानी हुने परिवार १५%, ५ लाख देखि ७ लाख सम्म आम्दानी हुने परिवार २५%, ७ लाख देखि ९ लाख सम्म आम्दानी हुने परिवार १५% र ९ लाख भन्दा माथि आम्दानी हुने परिवार संख्या १०% रहेको देखिन्छ। यो वडा नं. १ राजविराज नगरपालिका अन्तर्गत परेको र सो नगरपालिका प्रदेश नं. २ को एउटा प्रमुख व्यापारिक केन्द्र भएको हुनाले यहाँका उतरदाताहरुको आर्थिक आम्दनि राम्रो रहेको देखिन्छ।

## ४.८ भू-स्वामित्व

भू भनेको जमिन र स्वामित्व भनेको अधिकार हो। यसरी हेर्दा भू-स्वामित्व भन्नाले जमिनको अधिकार भने बुझिन्छ। कृषिमा आधारित अर्थतन्त्रका लागि जमिनको सर्वाधिक महत्व रहन्छ। यस अध्ययन क्षेत्रका थारुहरुको भू-स्वामित्वको विवरण तल प्रस्तुत गरिएको छ।

**तालिका नं.४**

**उतरदाताहरुको भू-स्वामित्वको विवरण**

| क.सं. | जग्गाको विवरण | उत्तरदाताको संख्या( घरमुली) | प्रतिशत (%) |
|---|---|---|---|
| १ | ५ कठ्ठा भन्दा कम | ० | ० |
| २ | ५ कठ्ठा देखि -१ विगाहासम्म | ११ | ५५ |
| ३ | १ विगाहादेखि -२ विगाहासम्म | ३ | १५ |
| ४ | २ विगाहादेखि -३ विगाहासम्म | २ | १० |
| ५ | ३ विगाहादेखि -४ विगाहासम्म | २ | १० |
| ६ | ४ विगाहा भन्दा माथि | २ | १० |
| | जम्मा | २० | १०० |

स्रोत ; अध्ययन क्षेत्र सर्वेक्षन, २०७९

माथिको तालिका अनुसा २० जना उतरदाता मध्ये ५ कठ्ठा दृदेखि १ विगाहासम्म जग्गा हुने उतरदाताको संख्या सबभन्दा बढी ११ (५५%) जना रहेको छन् भने ५ कठ्ठा भन्दा कम जग्गा कसैको पनि छैन्। त्यसैगरी १ विगाहा देखि २ विगाहासम्म जग्गा हुनेको संख्या ३ (१५%), २ विगाहा देखि ३ विगाहासम्म जग्गा हुनेको संख्या १० (१०%), ३ विगाहा देखि ४ विगाहा सम्म जग्गा हुनेको संख्या २ (१०%) र ४ विगाहा भन्दा माथि जग्गा हुनेको संख्या पनि २ (१०%) नै रहेको छ। यस अध्ययन क्षेत्रका २० जना उतरदाता मध्ये भूमिहिन हुने उतरदाताको संख्या सुन्य रहेको छ। यसबाट यो भन्न सकिन्छ कि सबै नुमना थारु परिवारमा जमिनको मजबुत स्वामित्व भएको देखिन्छ।

## ४.९ पशुपालन विवरण

पशुपालन विना कृषि क्षेत्र अधुरो हुन्छ। पशुपालनबाट दूध, घ्यू, मासु आदि प्राप्त गर्न सकिन्छ। पशुपालनबाट आर्थिक परिवर्तनमा ठूलो टेवा मिल्दछ। यहाँका थारूजातिले पशुपालनलाई मुख्य

पेसाको रुपमा अपनाएको नभए पनि प्रायजसो घरमा गाई, गोरु, भैसी, बाख्रा,  कुखुरा, परेवा आदि पालेको  पाइन्छ ।

**तालिका नं.५**

**उत्तरदाताले पालेका पशुपंक्षीहरूको विवरण**

| क्र.सं | पशुपंक्षीको नाम | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | गाईगोरु | ९ | ६.८७ |
| २ | बाख्रा | ४५ | ३४.३५ |
| ३ | भैसी | ५ | ३.८२ |
| ४ | परेवा | ४९ | ३७.४० |
| ५ | कुखुरा | २३ | १७.५६ |
| | जम्मा | १३१ | १०० |

स्रोत ; अध्ययन क्षेत्र सर्वेक्षन, २०७९

माथिको तालिका अनुसार २० घरपरिवारले पालेको जम्मा पशुपंक्षि संख्या १३१ मध्ये सबभन्दा बढी परेवा ४९ (३७.४० %) रहेको छ। त्यस्तै गरी गाई गोरु ९ (६.८७ %), बाख्रा ४५ ( ३४.३५%) , भैसी ५ (३.८२ %) **,** कुखुरा २३ ( १७.५६ %) रहेको छ । बिशेष गरी भैसी,  गाई दूधको लागि र गोरु खेत जोत्न र गाडा तान्नका पनि पालेको देखिन्छ। यसका साथै बाख्रा, परेवा, कुखुरा खानलाई र आम्दनीको स्रोतको लागी पालेको देखिन्छ।

# अध्याय पाँच

# परम्परागत विवाहमा भएका परिवर्तन

## ५.१ विवाह पद्धतिमा आएको परिवर्तन

विवाह समाजिक परिवर्तनको एउटा महत्वपूर्ण संस्था हो। विवाहलाई समाजशास्त्रीय दृष्टिकोणबाट हेर्ने अबधारणाको विकास भएको छ। पहिला हिन्दु धर्म अनुसार वर्ण व्यवस्था थियो। त्यही अनुसार जातिय विवाह हुने गर्दथ्यो तर अहिले व्यक्तिहरु जातिय र अन्तरजातिय विवाह पनि गर्न थालेको छ। यस थारु समाजमा थारु जातिका विवाह संस्कारमा परिवर्तन त आएको छ तर अन्तरजातिय विवाहलाई स्विकृति दिएको छैन आफ्नो जाति प्रति अलि कटर नै छ। अहिले परम्परागत मागी विवाहमा परिवर्तन आएको छ। पहिलाको भन्दा खर्च गर्ने तरिकामा परिवर्तन आएको छ। पहिला स्वयमवर मगनी हुँदैन थियो तर अहिले स्वयमवर गर्ने, औठी अनि माला एकअर्कालाई लगाउने गर्दछ। वर्तमानमा प्रेम विवाह बढी हुन थालेको छ। यहाँका थारुहरु प्रेम विवाह गरेपनि आफ्नै जातिमा प्रेम गरेर मागी विवाह गर्ने गर्दछन्। यिनीहरुमा नातासम्वन्धमा नपर्ने सात पुस्ता कटेपछि विहे गरिन्थयो तर अहिले आएर जो संग पनि प्रेम परेमा सात पुस्ता नकटदै पनि विहे हुन थालेको छ। विवाह गर्दा पहिला पाइरिहा सारी दिने गर्दथियो तर अहिले रङ्गी-विरङ्गी मंहगो खाले र गरगहना पनि नयाँ-नयाँ किसिमको दिने गर्दछ। सुनको गहना पनि बढी दिने थालेको छ। पहिला वैलगडामा विहे गर्न जाने हैसियत अनुसार जति सक्यो त्यतिकै लाने गर्दथ्यो भने अहिले जिप, कार, बस आदि लग्ने गर्दछ। यसका साथै पहिला ढोल, पिपही, विभिन्न किसिमका बाजा र नाच्ने नटुवा आदि लाने गर्दथ्यो भने वर्तमानमा डिजे र केटा नटुवाको साटा अहिले नाच्ने केटीहरु, वाइण्ड पार्टी लाने गर्दछन्। यस्ता परिवर्तनहरु विश्वव्यापीकरण, आधुनिकिकरण, औधोगिकरण, परसंस्कृति, सहरीकरण, रेमिटेन्स आदि जस्ता कारणहरुले गर्दा थारु समाजमा परिवर्तन आएको देखिन्छ। यो समाज गतिशिल र परिवर्तशिल अवस्थामा देखिन्छ जसले गर्दा विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ। शिक्षाले गर्दा पनि विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ।

## ५.२ परम्परागत विवाहको स्वरुप

विवाह अत्यन्त महत्वपूर्ण पुरानो सामाजिक संस्कार हो । विवाह संस्कार हरेक समाजमा हेर्न सकिन्छ । हरेक समाजमा आ-आफ्नो किसिमको विवाह पद्धती रहेको हुन्छ । थारु जातिको पनि आफ्नै छुट्टै विवाह संस्कार रहेको छ । साधारणतया विवाह भनेको एउटा केटा र केटी औपचारीक रुपमा श्रीमान र श्रीमतीको सम्बन्ध स्थापित गर्नुलाई विवाह मानिन्छ जुन विभिन्न प्रक्रिया पुरा गरेर गदर्छ त्यसलाई नै विवाह संस्कार भनिन्छ ।

यस अध्ययन क्षेत्रका थारु जातिको परम्परागत विवाहको किसिमलाई हेर्दा मागी विवाह, विधवा विवाह, साथै वाल विवाह रहेको पाइन्छ । मागी विवाह र वाल विवाह भन्दा कम खर्च विधवा वा विधुर विवाहमा हुन्छ । मागी र वाल विवाह धुमधाम संग गरिएको पाईन्छ । कन्यौती प्रथा पनि थारु समाजमा रहेको पाइन्थ्यो । कन्यौती प्रथा भनेको केटी पक्षले केटा पक्षसंग विवाह गर्नु अगाडी केही रकम लिने गर्दथ्यो जस्तो रु १०० देखि रु ७०० सय सम्म लिने गर्दथ्यो । यसमा विशेष गरेर गरिव व्यक्तिहरुले रकम लिने गर्दथ्यो । यदि केटा पक्ष गरिव र केटी पक्ष धनि भए पनि केही रकम लिने गरिन्थ्यो । यसो भए पनि यस अध्ययन गरेको गाँउमा धनी व्यक्तिहरु पैसा लिदैन थियो । यस गाँउका मान्छेहरुले हाम्रो छोरी बोझ भएको छैन र यसो गर्दा त छोरीलाई बेचेजस्तो हुन्छ भनेर भन्थे । हामीलाई के-को कमी छ भनेर यसै गाँउको श्री तेजुलाल चौधरी ज्युले बताउनु भयो ।

पहिला मागी विवाह हुने गर्दथ्यो र यस भित्र पनि प्राय वाल विवाह हुन्थ्यो । किनभने मागी विवाह ३-४ वर्षकै हुँदा गरीदिने चलन थियो । पहिला केटा वा केटीको रुपरङ्गको खासै प्रवाह गरीदैनथियो । विहे गर्नको लागि राम्रो कुटुम्ब घरवार वा कुनै किसिमको गलत काम नगरेको, लालछना नलागेको र राम्रो गुण व्यवहार छ भने विहे गरिदिने चलन थियो ।

विवाह बच्चैमा भएपनि दुल्हीलाई १४ वा १५ वर्ष पुगेपछि दुरागमन गरी मत्रै केटा पक्षले आफ्नो घर लाने चलन थियो । विवाह पछि माइतमा नै ८ वा ९ वर्ष छाडीदिने गर्दथ्यो । यतिका वर्ष पछि मात्रै दुरागमन गरिन्थ्यो र दुल्हीलाई केटाले लान्थे । त्यति बेला विवाह गर्दा केटा वा केटीको उमेरको ख्याल गरिदैनथियो । उमेरले केटा भन्दा केटी ठूली वा केटी भन्दा केटा ठूलो जो पनि ठूलो वा सानो हुने गर्दथ्यो । उमेरै नसोधी विवाह गरिदिने चलन थियो । केटी वा केटा हेर्न जाँदा खेरी लठ्ठी लिएर जाने गर्दथियो र त्यही लठ्ठी लिएर दुल्ही वा

दुल्हालाई उसको उचाई नापने र बरावर छ कि छैन भनेर हेर्ने अनि बरावर छ भने जाडी मिलेको भनेर मान्ने चलन थियो । केटी पक्ष होस वा केटा पक्ष यदि विहे गर्नुपर्ने छ भने आ-आफ्नो आफन्त लगाएर खोज्ने र जोले पनि जसलाई पहिला केटा पक्षले केटीको हाथ वा केटी पक्षले केटाको हाथ माग्ने चलन थियो । केटी वा केटा हेर्न जाँदा केटी वा केटाको कुलखन्दान सबै कुरा मिले पछि मात्रै केही खाने कुरा खान्थे र यदि मन परेन भने खादैन थियो । त्यसपछि आफ्नो घर फर्किन्थे । घरमा सबै कुरा छलफल गरेर गाँउको कुनै बुढापाकालाई केटी वा केटा मन परेको कुरा गर्न पठाएर उताबाट पनि आउनु भनेर बोलाउने गरिन्थ्यो । बुढापाखाहरु सल्लाह गरेर कन्यौतीको को पनि कुरा गरेर आउँथे । यी सबै कुरा मिलेपछि विवाह हुने गर्दथियो । पहिला विहे गर्न जाँदा वैलगाडीमा लिएर गईन्थियो र विहे गरेपछि वेहुलीलाई माइतीमै छोडेर आउने र केही वर्षपछि दुरागमन गरेर वेहुललिाई केटा पक्षले आफ्नो घर लान्थे । छोरीलाई केही सरसमान दिई विदाई गर्दथे ।

पहिला वधु विवाह पनि हुने गर्दथ्यो तर एकदम कम मात्रामा हुन्थे । त्यसै गरि विधवा वा विधुर विवाह पनि हुने चलन थियो । विधवा विवाह गर्दा कुनै किसिमको बाँधा थिएन ।

## ५.३ परम्परगत विवाह पद्धतिका स्वरुप र यसका प्रकारहरु

### ५.३.१ मागी विवाह

थारु जातिको समुदायमा यो विवाह धेरै प्रचलनमा छन् । छोराछोरीहरुको यस समाजमा विवाह गरिदिने उतरदायित्व आमाबुवाको हुन्छ । आमाबुवाले नै छोरा वा छोरीको लागि विवाह को संग गरिदिने भनेर निर्णय गर्दछ । केटा वा केटीको इच्छाको एकदमै कम महत्व हुन्छ । थारु जातिमा विवाह सम्बन्ध स्थापित गर्न अनेक प्रकार्यहरु अपनाइन्छ जसको चर्चा निम्नानुसार गएिको छ । विवाहको लागि लमी जसलााई थारु भााषमा दुरा भनिन्छ । उक्त दुराले नै केटा पक्ष र केटी पक्षको विवाहको लागी वर तथा कन्याको खोजि गर्दछ । मागि विवाहको सुरुवात देखासुनीबाट सुरु हुन्छ ।

### ५.३.१.१ देखासुनी

यस प्रक्रियामा केटा पक्षबाट केटीको घरमा केटी हेर्ने जान्ने चलन छ। केटीको घरबाट फर्किदा ५वटा सुपारी पहेलो रङ्गले रङ्गाएर कथाँ बाँधिन्छ र पनचरही वा घरदेखको तिथि निर्धारण गरिन्छ।

### ५.३.१.२ पनचरही (घरदेख)

पनचरही पहिला केटाको घरमा हुन्छ। यो दिन घरआँगन लिपपोत गरेर विच आँगनमा चौका गरेर त्यसमा सिन्दुर र पिठोको लेप गरी गंगाजल छर्की एउटा पिरका राखेर केटा त्यहा बस्दछ। अनि केटी पक्षकाहरु त्याहा आई केटाको हाथमा पान, सुपारी हाथमा दिन्छ र पितलको एउटा लौटा राखी त्यसभित्र पानि र आँपको पातको वा ठली राखिन्छ। यो केटाको हाथमा दिइन्छ। केटी पक्षले केटाको अगाडी डलिया वा पितलको थाल राख्दछ अनि त्यो थालमा पैसा, गरगहना, गन्जी, कछिया, पेन्टसट्ट एउटा कुनै गहना र तेल, साबुन, चप्पल, जुता, बरस र मेकपको सामानहरु तथा ५ प्रकारको फलफूल पनि दिइन्छ र एउटा पहेलो रङ्गको तोलिया टाउकोमा चढाइदिन्छ र हजुर बुवाको, बुवा, आमा आदिको नाम सोध्ने नियम छ। यसरी यो विधि सकिन्छ। केटा पक्षतिर यो विधि सकेपछि यसको भोलीपल्ट केटीतिर केटाबालाहरु जान्छ र यस्तै विधिहरु अपनाई केटातिर विधि गरिन्छ। यो विधि सकिएपछि अतिथिहरुलाई ढोग्दै केटापक्षलाई विदाई गरिन्छ।

### ५.३.१.३ कसकुट्टी

यो विधि आँगनमा पूर्वपटि घुमेर सानो चौका गरिन्छ। चौकामा औखल र काठ्को कुट्ने ५ वटा मुसरो राखिन्छ। यसमा पनि सिन्दुर र पिठोको लेप लगाइन्छ। यसमा ५ जना विध गर्ने मान्छे हुन्छ र उनीहरुले ५मुठी धान सबैले राख्दछ र पालैपालो ओखलमा धान कुट्दछ। धान कुटेर चामल बनाई वेसारको चकटी राखी पिठो बनाइन्छ। यो पिठोलाई कसा भनिन्छ।

### ५.३.१.४ कुमरन

कसकुट्टी गरेको भोलिपल्ट कुमरन गरिन्छ। यो दिन पनि घरआँगन लिपि कुलदेवता भएको घर लिपि कुलदेवताको पूजापाठ गरिन्छ। तुलशीको मुन्टो ५ वा ९ वटा लिई माला बनाइन्छ। यो माला वेहुलीलाई लगाइदिइन्छ। यो मालालाई मरुवाइरको माला भनिन्छ।

फेरी यो दिन साँझपख पान, सुपारी, लड्डु लिई पूजा गरिन्छ। वेहुलालाई ईनार वा पोखरी लगी मटकोर गर्न लगिन्छ। यो मटकोर गर्ने बेलामा पूजा गरिन्छ। विध गर्ने महिलाहरु मध्ये एकजना परछिने महिलाले आफ्नो वाँया हाथको कान्छी र बुढी औलाले सिकिको पातमा एउटा गााठो पारिन्छ। अनि विध गर्ने महिलाहरुले मिलि वेहुलालाई खैर र माटो लगाइदिई  पानिले नुहाइदिन्छ। त्यसपछि चिउराको विध गरिन्छ। वेहुलाले हाथमा चिउरा लिई चारवटै दिशामा ३ पल्ट चिउरा छर्दछ। त्यसपछि ५ जना विधकरनी आफ्नो हाथ पछाडी गरी चिउरा दिन्छ र सबैजनालाई नहेरी विधकरनीहरु फेरी त्यो चिउरा ढकीमा राख्दछ। त्यहा भएको विवाहित सबै महिलालाई विधकरनीले तेल र सिन्दुर लगाइदिई चिउरा सबैजनालाई बाडँने गरिन्छ।

पोखरी वा इनारबाट थोरै माटो लिइन्छ। त्यसपछि विधकरनी महलिाहरु क्रमस लाइन बनाई वेहुलालाई लाइनको बीचमा राखी वेहुलाको टाउको छोपी घर फर्किन्छ। यो विध केटीकोतिर पनि यसरी नै गरिन्छ तर केटाले ल्याएको माटो नयाँ चुल्होमा लगाइन्छ भने केटीले ल्याएको माटो मरुवामा लगाईन्छ।

### ५.३.१.५ चुलपत्थी

केटा पक्षतिर ल्याएको माटोले दुईमुखी चुलो बनाइन्छ। केटीतिर पनि यो विध गरिन्छ तर पोखरी वा ईनारबाट ल्याएको माटोले चुल्ही बनाइदैन। यही बनाएको चुलोमा लावा भुटिन्छ।

### ५.३.१.६ मरुवा बनाउने विधि

केटा पटी यो विधि हुदैन र यो केटी पटी मात्रै हुन्छ। विहेको एकदिन अगाडी मरुवा बनाइन्छ। बास काटेर चारैतिर जमिन चौखुट गरेर चारवटा काटेको बास राखी सानो चौखुट्टे टाटि बनाइन्छ र माथि छानो राखिन्छ। त्यो छानो मथि धान र जल छरेर शुद्ध पारिन्छ त्यसपछि ५ जना विधकरनीले माटो भरेर लिपपोत गर्दछ। मरुवा भित्र दुई वटा पश्चिम र अर्को उतरतिरको बाटो बनाइन्छ। कागजको फूल र धागो आदिले मरुवा सजाइन्छ। विहेको दिन ईनार वा पोखरीबाट ल्याएको माटाले मरुवामा ७ पल्ट लगाइन्छ र ७ पल्ट मरुवालाई लिपपोत गरिन्छ। ईनार वा पोखरीबाट भरी ल्याएको दुवै गाग्रो एउटा उतरपटिको कुनामा र अर्को दक्षिण पटिको कुनामा थोरै धान राखेर त्यसको माथि गँहु राखी मरुवाको पूर्व दक्षिण पटिको भागमा पञ्चमुखी दियो बालिन्छ। उतरपटिबाट माटोको कोहा

राखी त्यो कोहामा सिन्दुर पिठोको लेप लगाएर राखिन्छ। कोहा भित्र पान, सुपारी,पैसा र दियो बालेर राखिन्छ। कोहालाई ढकनले छापेर राखिन्छ। मरुवाको पश्चिम पटि दैलोको दक्षिण पटि सिमरको हाङ्गा गाडिन्छ र यसलाई मलिथम भनिन्छ। मरुवाको पूर्व उतर भागमा चारवटा केराको थम्बा र पूवै पश्चिम उतर दक्षिण गरेर ४ वटा केराको थम्बा र खरही गाडिन्छ। त्यस भित्र थोरै माटो राखी लिपिन्छ जसलाई जगवेदही भनिन्छ।

वेहुलाले विहे गर्न जाँदा खेरी कुलदेवताको पुजा गरी वेहुलीलाई दिने लुगाफाँटा, गहना चढाई हातमा तलवार लिई चारै दिसामा घुमीघुमी ढोग्दछ र चढाएको समान लिई निस्कने चलन छ। यति बेला वेहुलाको आमा कुलदेवताको घरको दैलोमा बसी छोराले आमाको आँचलमा १-१ मुट्ठी गरी ३ पल्ट धान दिने चलन छ। आमाले छोरालाई ३ पल्ट पिठ्यु थपथपाँउदछ र पानि खुवाई विहे गर्न विदाई गरिन्छ। वेहुलीको गाँउ पुगेपछि त्यस ठाँउका व्यक्तिहरुले वटमङ्गनी माग्ने गर्दछ। वेहुलिको घर पुगेपछि त्यहाका विधकरनीले वेहुलाको मुख परछिने र आँगन भित्र लगिन्छ। यस पछि केटा पक्षले केटी पक्षलाई कन्या चुमाउनको लागि आग्रह गर्दछ।

### ५.३.१.७ वेहुली चिनाउने विधि

यस विधिमा कुलदेवता भएको घरमा वेहुलीका साथै अरु केटीहरुलाई संगै राखी एउटा ठूलो कपडाले आफ्नो जिउ छोपन लगाइन्छ र त्यस मध्येमा वेहुलाले वेहुली छान्नु पर्दछ। यसरी वेहुलाले वेहुली चिनेर मरुवामा लानु पर्दछ।

### ५.३.१.८ कन्यादान विधि

यस विधिमा आमा बुवा वा अन्य व्यक्तिले पनि कन्यादान गर्न सकिन्छ। यसमा वेहुलाको हाथमा वेहुलीको हाथ दिइन्छ। दानपतिले दुवैको हात आफ्नो हातमा राखी कलश समात्न लगाइन्छ र बाहुनबाट मन्त्रोच्चारण भई कन्यादान गरिन्छ। साथसाथै वेहुलीलाई प्रदान गरिने अन्य सामग्रीको पनि दान गरिन्छ। अठमङ्लमा कुटिएका धान र आँपको पातमा वधु र वरको नाम लेखी एकार्कालाई माला बनाई लगाइदिइन्छ।

### ५.३.१.९ सिन्हुरदान

मण्डपछेउ केराको थम्ब गाडी सिन्हुरदानको लागि वेदी बनाइएको हुन्छ। त्यही कन्यालाई

बसाई वेहुलाले अरु कसैको सहाराबिना ५ चिम्टी सिन्दुर वेहुलिको सिउँदोमा हालिन्छ । यसै गरी मलीथम, कोहवर, गेटसार, दहीचिउरा खुवाउने विधि पनि गर्ने गरिन्छ ।

### ५.३.२ वाल विवाह

विवाह गर्ने उमेर नपुगिकन गर्ने विवाहलाई वाल विवाह भनिन्छ । नेपालको कानुनले दफा १७३ को उपदफा १: मा २० वर्ष नपुगिकन कसैले विवाह गर्न वा गराउन नहुने भनेका छन् । २० वर्ष नपुगिकन गरेको विवाहलाई अपराध मानेका छन् ( नेपालको संविधान २०७२) । यसले गर्दा के बुझ्न सकिन्छ भने थारु समुदायमा वाल विवाह गर्ने चलन थियो तर अहिले यो चलन हटिसकेको छ । यस पडरीया गाँउका सबै मनिसहरुलाई वाल विवाहको बारेमा जानकारी थियो ।  यस विवाहमा सबै कुरा मागी विवाह जस्तै हुन्छ किनभने यो विवाह मागी विवाह भित्रै पर्दछ । यसमा फरक यति छ की यो विवाहमा सानै उमेरमा विहे गरिदिने चलन थियो ।

### ५.३.३ विधवा वा विधुर विवाह

यस विवाहमा कम खर्च हुने गरिन्छ । यसमा कुनै किसिमको रोकावट हुदैन । श्रीमान वा श्रीमती वितिसकेकाले यो विहे गर्दछ । यस विवाहमा विहे हुने दिन मागी विवाह जस्तै पन्चरही हुने गर्दथ्यो । यसमा मरुवा हुदैन र वेहुलालाई टेवलमा बसाई ३ पल्ट वेहुलीले वेहुलाको वरीपरि रुदै घुम्ने गर्दथ्यो र यस पछि सिन्दुरदान गर्ने गरिन्थ्यो । त्यसपछि आँगनमा लिपपोत गरी चौखुट चौका गरेर वेहुला वेहुलीलाई चौकामा बस्न लाएर चुमौन गरिन्थ्यो । यसपछि नातेदारहरुले गहना, सरसमान र आमाबुवाले पनि गहना, समान दिने गरिन्छ । वेहुलीलाई चुमौन गरेर लगेपछि वेहुलाको घरमा पनि चुमौन गरिन्छ । त्यसपछि मानिसहरुले समान, कपडा, गहना आदि दिने गर्दछन् । मागी विवाह जस्तो अरु विधि यसमा हुदैन किनभने एक पल्ट विहे भइसकेकोले अरु विधिहरु गरिदैन । यो विवाह कम खर्चिलो हुन्छ ।

### ५.३.४ वहु विवाह

यो विवाह एकदमै कम हुन्छ । एउटी श्रीमती हुदाँ हुदै अर्की श्रीमती ल्याउनुलाई वहुविवाह भनिन्छ । यो विवाहमा श्रीमतीलाई वच्चा नहुदाँ ,श्रीमती काम गर्न नसक्ने, बिरामी वा कुनै किसिमको रोग लाग्दा वा छोरा नजन्माउँदा यो विवाह गर्ने गरिन्थ्यो । मागी विवाह जस्तै यो विवाह गरिन्छ । सबै विधीहरु मागी विवाह जस्तै गरिन्छ ।

## ५.४ अहिलेसम्म कायम रहेका विवाहका प्रचलनहरु

विवाह संस्कार पौराणिक र महत्वपूर्ण संस्था हो जसमा व्यक्तिहरु वैधानिक दाम्पतय जीवन चलाउने गर्दछ । विवाह समाजलाई चलाउन विभिन्न संस्थाहरुमध्ये अति आवश्यक संस्था हो । समाजमा भएका विभिन्न संस्थाहरुमा एकआपसमा अन्तरकिया र प्रकार्य भइरहेको हुन्छ । विभिन्न संस्थाहरु मिलेर सहि तरिकाले प्रकार्य हुँदा समाज सही रुपमा अगाडी बढीरहेको हुन्छ । यो समाज परिवर्तनशिल छ जसले गर्दा सबै संस्थाहरु एकै नासको प्रकार्य गरेको हँदैन । समयको गतिशिलता र परिवर्तनले गर्दा संस्थाहरुमा पनि परिवर्तन आउने गर्दछ । यसरी सोही अनुकुल प्रकार्य पनि हुनुपर्दछ ।

हिजोअस्ति परिवार जातिय व्यवस्थामा संस्कार मुलक तरिकाले चलेको विवाहलाई आज राज्य व्यवस्थाले कानुनी तरिकाले रुपान्तरण गर्न थालेको छ । सामाजिक संस्थाहरुमा विशेष गरेर विवाह संस्थामा राज्य व्यवस्थाका कानुनी निति नियममा आएको परिवर्तनले गर्दा विवाह संस्कारमा पनि परिवर्तन आएको छ । विवाह संस्कारमा जब देशमा राज्यको व्यवस्था विकासको प्रभाव समाजिक तथा परिवारिक जीवनमा पर्न जान्छ तब विवाह पद्धतीमा समेत राज्यको दायित्व बढने गर्दछ। विवाह संस्कारमा परिवर्तन आउनुमा आधुनिकिकरण र परसंस्कृतिकरण तथा उत्पादन प्रकृयाको तरिकाहरुमा परिवर्तन आउनु हो । त्यस्तै पेशा, शिक्षा, व्यापार आदिमा गतिशिलता बढनु, एक समुहसंग अर्को समुहको व्यक्तिहरुसंग अन्तरकियाको दायरा फराकिलो हुनु, राजनितिक प्रभाव, संचार, नयाँ-नयाँ विज्ञान र प्रविधिको विकास हुनु, परम्परागत प्रचलन, जातिय व्यवस्था कमजोर हुँदै जानु तथा मनोवैज्ञानिक रुपमा मानविय दृष्टिकोणमा परिवर्तन आउनु, महिला शसक्तिकरण व्यक्तिगत स्वतन्त्रता र आर्थिक वृद्धि आदि कारणहरुले परिवर्तन भएको देखिन्छ। थारु समाजमा परम्परागत विवाह पद्धतिलाई हेर्दा मागी विवाह, वहु विवाह, वाल विवाह, विधवा विवाह

रहेको पाइयो। वर्तमानमा आएर परम्परगत विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ। अहिले आएर परम्परगत विवाह पद्धति मध्ये वहु विवाह र वाल विवाह हटेको देखिन्छ तर मागी विवाह कायमै रहेको देखिन्छ। थारु समाजमा अहिले पनि मागी विवाहलाई बढी प्राथमिकता दिएको पाइन्छ। विधवा विवाह आवश्यक परे गर्न सक्छ। नेपाल सरकारले वहु विवाह तथा वाल विहालाई गैरकानुनी रुपामा लिइएको पाइन्छ।

## ५.५ परिवर्तित विवाहका स्वरुपहरु

प्राचिनकाल देखि नै विवाह संस्कारमा परिवर्तन आइरहेको छ। विवाह सधै चलिराख्ने स्थायी समाजिक संस्था हो समाजका आवश्यकता र चाहना परिपूर्ति गर्ने क्रममा नै संस्थामा परिवर्तन आउन थाल्छ। विवाह संस्कारले समाजिक संरचना , परिवार , नाता सम्बन्धमा परिवर्त आउछ। संसारका हरेक समाजमा यो संस्थालाई हेर्न सकिन्छ। विभिन्न समय स्थान र खास गरेर आर्थिक स्थितिले पनि भिन-भिन रुपमा विवाहका तरिका र प्रकार्यहरु देखिने गर्दछन्। यस्तो हुनुको प्रमुख कारण उक्त संस्था गतिशिल वा परिर्वतित रहेकाले हो। थारु जातिका व्यक्तिहरु समय संगै परिवर्तन तिर अग्रसर भइरहेको हेर्न सकिन्छ। यस थारु जातिको समुदायमा परम्परागत पद्धतिलाई छोडदै गईरहेको र नयाँ-नयाँ पद्धति थपदै गईरहेको र आधुनिक हुँदै गएको पाइन्छ। थारु जातिमा वाल विवाह , वहु विवाह पूर्ण रुपमा हटिसकेको छ। यस्ता परम्परागत विवाह पद्धतिलाई छोडदै गए पनि अहिले प्रचलनमा रहेका प्रेम विवाह , अदालति विवाह र अन्तरजातिय विवाह एकदम कम रुपमा अंगालेको छ। जुन यस प्रकार रहेका छन्।

### ५.५.१ मागी विवाहमा आएको परिवर्तन

थारु जातिहरुको मागी विवाहमा पनि परिवर्तित स्वरुप चित्र पर्दछ। किनभने परम्परागत विवाहको स्वरुप भन्दा अहिले आएर थुप्रै परिवर्तन आएको देखिन्छ। पहिला-पहिला विवाहमा जन्ति लिएर जाँदा वैलगाडा लिएर जाने गर्दथ्यो भने वर्तमानमा कार, बस, तथा अन्य किसिमका गाडीहरु लिएर जाने गर्दछ। अर्को भनेको अहिले कन्यौती प्रथा लोप भएको देखिन्छ। पहिला राति विवाहमा जन्ति जाने गर्दथ्यो र राति नै विवाह सम्पन्न हुन्थ्यो र वेहुलिको घरबाट तेस्रो दिन वेहुला र जन्तिहरु वेहुलीलाई नलिई घर फर्किने चलन थियो। वेहुली व्यस्क भएपछि मात्रै दुरागमन गरेर वेहुलाको घर जाने गर्दथ्यो। वर्तमानमा विहे दिउँसो नै सम्पन्न गर्ने परम्परा बस्दै गएको पाइन्छ। एक दिनमै विहे गर्न जाने र

वेहुलीलाई घर लिएर आउने गर्दछ । दुरागमन गर्ने चलन पूर्ण रुपमा हटेको पाईन्छ । पहिला अभिभावकले भने जस्तो छोरा छोरीलाई विहे गर्नुपर्दथ्यो तर अहिले विवाह छोराछोरी र अन्य परिवारका सदस्यहरु मिलेर विहेको निर्णय लिने गरेको छ । यसरी विवाहमा परिवर्तन भएको देखिन्छ ।

### ५.५.२ प्रेम विवाह

प्रेम विवाह भनेको युवा र युवतीले एक अर्कालाई मन पराई गर्ने विवाह हो । यस्तो विवाह बाहिर पढ्न जाँदा, फेसवुकबाट, नातासम्वन्धमा पर्दा, सोल्टासोल्टी, साथिको साथि, दिदिको भाई वा वहिनिको साथी आदी भएर नाता गाँसिदै जाँदा वा कुराकानी हुदै जाने र एक अर्काको कुरा मिल्ने र शारिरिक आकषर्ण हुँदै जाने र एक अर्काको सबै कुरा मिल्ने र मन मिल्ने भए पछि केटाकेटीहरु आफ्नो इच्छाले मन पराई विहे गर्ने विवाहलाई प्रेम विवाह भन्न सकिन्छ । वर्तमानमा शिक्षा, वसाइसराई, सहरीकरण जस्ता आदि कारणले प्रेम विवाहको वढोतरी हुन थालेको छ । केटाकेटीमा माया प्रेम बसेपछि भागेर विवाह गर्ने र आ-आफ्ना घरका सदस्यहरुलाई नभनि भागेर जाने गर्दछन् र पछि केटाको घरपरिवारले बोलाउँदा केटाको घर जाने प्रचलन छ र कति केटाकेटीले अन्य जातिसंग प्रेम विवाह गर्दा गाँउबाटै केटाकेटीलाई निकाला गरिदिने गरिन्छ । समाजले स्विकारेको छैन अहिले सम्म पूर्ण रुपले केटाकेटीले प्रेम विवाह गर्दा र आफ्नै जातको छ भने स्विकार गरेका छन् । आफ्नै जातको केटा वा केटी छ भने केटाकेटीहरुको घरपरिवार राजीखुसी विहे गरिदिने गरेको छ । विहे धुमधाम संगै गर्ने गरिन्छ।

### ५.५.३ अदालति विवाह

अदालति विवाह भनेको कानुनी निकायमा युवायुवतीहरु गएर वा अदालतमा गएर कानुन बमोजिम लिखित रुपमा विवाह सम्वन्धि सम्पूर्ण प्रकृया अपनाई कागजमा सही छाप लगाएर गरिने विवाहलाई नै अदालति विवाह भनिन्छ। यहाँका थारु समुदायमा यो विवाह अहिलेसम्म नभएको तर यस विवाह सम्वन्धि जानकारी भएको पाइयो । अदालती विवाह कहाँ कुन ठाँउमा गरिन्छ भनेर सोध्दा सबैले अदालतमा गरिन्छ भनी उतर दिएका थिए । यहाँका थारु समुदायले यो विवाह आर्थिक रुपले राम्रो रहेको पाइयो तर यो विवाह गरेपनि पछि आफ्नो परम्परा र रितिरिवाज अनुसार फेरी गर्नुपर्ने भएकोले यो विवाह झन्झटिलो रहेको बताउँछन् । यस कारणले गर्दा यो विवाह यस समुदायमा नभएको पाइयो ।

# अध्याय छ

# परिवर्तित विवाहस्वरुपका कारणहरु

समाज गतिशिल हुने भएकोले समयसंगै समाजमा भएका विभिन्न संस्थाहरु पनि निरन्तर रुपमा परिवर्तन भइरहन्छन् । वर्तमान अवस्थामा भएका जाति संस्कार परिवर्तनहरु छन् ती समाजिक परिवर्तनसँग सम्वन्धित छन् । परिवर्तन र विकास विचमा गहिरो सम्वन्ध भएको देखिन्छ । समान्यत:समाजका आवश्यकता र चाहना परिपूर्ति गर्ने क्रममा समाजिक इकाईको जन्म हुन्छ र परिवर्तन आउँछ अर्थात समाजिक संरचना संस्कृति तथा सम्वन्धमा परिवर्तन आँउछ भने त्यसलाई समाजिक परिवर्तन भनिन्छ । सकारात्मक सोचको परिवर्तनलाई वास्तविक परिवर्तन भन्न सकिन्छ किनभने नकारात्मक परिवर्तनहरु देख्न सकिन्छ । विशेष गरेर शिक्षा, यातायात, प्रविधि, सुचना संचार, आधुनिकिकरण, शहरीकरण, औधोगिकिकरण, वजारको विकास, सहरीकरण, वैदेशिक, रोजगारी जस्ता कुराहरुले गर्दा विवाह संस्कारमा परिवर्तन आएको देखिन्छ । परम्परादेखि चलिरहेको विवाह संस्कार विवाह गर्ने प्रचलन, भेषभुषा, गहना र मनाउने विधिहरुमा निरन्तर रुपमा परिवर्तन आएको देखिन्छ । कति पुरानो विवाहहरुमा संस्करण भएको र कति विवाह हराएर गएको छ र कति विवाह थपिदै गइरहेको छ । जस्तै मागी विवाह गर्ने विधिमा परिवर्तन आएको छ भने वाल विवाह, वहु विवाह, वहु विवाह हराएर गइसकेको देख्न सकिन्छ । थारु जातिको परम्परागत विवाह पद्धतिहरुमा नयाँ तरिकाले विवाह हुन थालेको छ । विवाहमा भेषभुषा, गरगहना, लवाइखवाई आदिमा परिवर्तन आएको देख्न सकिन्छ ।

विवाह संस्कारमा परिवर्तन ल्याउने जिम्मेवार कारक तत्वहरु यस प्रकारका रहेका छन् ।

## ६.१ शिक्षा

शिक्षाले गर्दा मनिसहरुको सोच्ने क्षमतामा वृद्धि भई सही र गलत छुट्याउन सहज हुन्छ । जसले गर्दा को सँग कस्तो व्यक्तिसँग विवाह गर्दा जीवन चलाउन सजिलो हुन्छ त्यस्ता व्यक्ति सँग विवाह गर्ने गर्दछ । समाजशास्त्रको दृष्टिबाट विवाहलाई हेर्दा पहिला परम्परागत तरिकाले गर्ने चलन थियो । आमा बुवाहरुको इच्छा अनुसार केटाकेटीको विवाह हुने गर्दथियो तर अहिले मानिसहरु शिक्षित भए पछि आमाबुवाको इच्छाकै साथै आफ्नो इच्छा, चाहना आवशयकता अनुसार विवाह गनै थालेको पाइन्छ ।

पहिला आमाबुवाले आफ्नो छोराछोरीको विवाह छोराछोरीको इच्छा नभएपनि गरिदिने चलन थियो भने अहिले केटाकेटीले एक अर्काको बारेमा सबै कुरा बुझेर मन पराएर विवाह गर्ने गर्दछन् । अहिलेका अभिभावकहरुले पनि पहिला भन्दा शिक्षित भएकै कारणले पनि छोराछोरीलाई आफ्नो जीवनसाथी खोज्ने स्वतन्त्रता दिन थालेको छ । केटाकेटीले मन पराएको व्यक्तिसँग सहजरुपले विवाह गराई दिने गर्दछन् । थारुमा भएको कन्यौती प्रथा ,वाल विवाह र बहु विवाह जस्ता विवाहले गर्दा समाजमा थुप्र समस्या उत्पन्न हुन्छ भनेर समाज र हालको मुलुकी ऐनले पनि विवाहलाई हटाइसकेको पाइन्छ । प्रेम विवाह आफ्नो इच्छाले गर्न पाउने समाजको निर्माण वा विकास भएको पाइन्छ ।

## ६.२ सुचना संचार र प्रविधि

नयाँ प्रविधिको आगमनले पनि विवाहमा परिवर्तन ल्याउने एक कारक तत्व हो । पहिला संयुक्त परिवाहरु थिए जहाँ परिवारका वरिष्ट सदस्यहरुले साना माथि नियन्त्रण गर्थे तर अहिले एकल परिवारहरु बढदै गएका छन् जहाँ आमाबावुहरु दुवै काम गर्न जान्छन र साना माथि नियन्त्रण हुँदैन र उनीहरुले सञ्चार माध्यमतिर रुचि राख्दछन् । अहिले नयाँ-नयाँ प्रविधिहरु आइसकेको छ । जस्तै मोबाइल फोन बाट केटाकेटीहरु कुरा गर्ने तथा फेसबुक जस्ता समाजिक सञ्जाल र युट्युव जस्ता अन्य एपसहरुबाट विश्वको जुन ठाँउको पनि जनचेतनामुलक आफुलाई चाहिने कियाकलाप गर्न सक्छ । यस्ता कुराबाट राम्रा नराम्रा दुबै प्रकारको जानकारी हासिल गर्न सक्छ । फेसबुक, इमो तथा अन्य एपसहरु र मोवाइल फोनबाट कुरा गर्दा गर्दै केटा केटीमा प्रेम परेर पुरै मागी विवाह नभएर प्रेम गरेर प्रेम मागी विवाह हुन थालेको छ । वर्तमानमा विभिन्न किसिमका संचार माध्यमहरु हेरेर सुनेर पनि पुरानो परम्परागत तरिकाहरु छोडेर आधुनिक तरिकाको संस्कृति र संस्कारमा फेरबदल हुन थालेको छ । यसरी विवाह पद्दतीमा फरक आउनुका कारणहरु के-के हो सोध्दा नयाँ-नयाँ प्रविधिको विकास, परसंस्कृति ग्रहण, यातायात र सञ्चारको विकासले भएको छ भन्ने जवाफ उक्त अर्न्तवार्ताबाट पाइयो ।

## ६.३ आर्थिक कारण

यो एउटा महत्वपूर्ण स्रोत हो । विवाह संस्कारमा परिवर्तन आउनुमा शिक्षाको उल्लेखनीय विकास, बढदो शहरीकरण र घर बाहिरको आर्थिक गतिविधिमा महिलाको सहभागिता पनि

हो । मानिसहरु कामका लागि बाहिर जान थालेका छन् र महिलाहरु पनि काम खोज्ने र पैसा कमाउने प्रकृयामा पुरुषसंगै जोडिन थालेका छन् । यसले महिलाको आत्मसम्मान र आत्मविश्वासलाई बढाएको छ। कापडिया (१९८२) का अनुसार यी माथि उल्लेखित कारणले गर्दा विवाहमा आउने परिवर्तनलाई असर गरेको छ। यस थारु समुदायमा पनि आर्थिक अवस्था वा भनौ अर्थ सम्बन्धि कारोवार राम्रो हुँदै गइरहेकोले पहिलाको भनदा झन खर्चिलो तरिकाले हुन थालेको छ । पहिला केटी पक्षले केटा पक्षसंग केही पैसा लिने गर्दथ्यो भने अहिले आर्थिक अवस्था राम्रो भएपछि यस्ता कुरिति हटिसकेको उतरदाताहरुबाट थाहा पाइयो ।

## ६.४ जिवीकोपार्जनमा आएको परिवर्तन

मानिसहरुले बाँच्नका लागि आवश्यक स्रोत र साधन जुटाउने तरिकालाई जिवीकोपार्जन भनिन्छ । यो कुनै व्यक्तिले आफ्नो जीवन चलाउने एउटा प्रक्रिया हो । यो जीवन चलाउनको लागि आर्थिक अवस्था राम्रो हुनु जरुरी छ । यस थारु वस्तीका व्यक्तिहरुको आर्थिक अवस्था राम्रो हुँदै गएको छ जस कारणले गर्दा विवाह पद्धतिमा पनि परिवर्तन देखिन थालेको छ । त्यसैगरी गरगहना, खानपान, कपडा, गाडी जस्ता अन्य कुराहरुले विवाहमा परिवर्तन ल्याएको छ । यहाँका थारु समुदायहरु विशेष गरेर कृषि, नोकरी, विदेश गएको, व्यापार, ज्यालामजदुरी आदि पेशामा संलगन रहेको पाइयो जसको फलस्वरुप परम्परागत रुपमा मनाइने विवाह संस्कारमा परिवर्तन भएको पाइयो ।

## ६.५ आधुनिकिकरण तथा शहरीकरण

आधुनिकिकरण र औधोगिकरणको आफ्नै प्रभाव छ। औधोगिकरणले अवसर प्रदान गर्छ र मनिसहरु गाँउ र संयुक्त परिवार छोडर बसाई सर्छन। औधोगिक क्षेत्रहरुमा यसरी जीवनप्रतिको समपूर्ण दुष्टिकोण शहरीकरणका कारण परिवर्तन गर्न बाध्य छन। यसरी महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर हुन्छन र पुरुष माथि कम निर्भर हुन्छन् । काउगिल ( १९८६) का अनुसार आधुनिकिकरणले नेतृत्व गर्दै जाँदा संयुक्त परिवारको महत्व घटदै जान्छ र भौगोलिक गतिशिलता र द्रुत परिवर्तन प्रविधि बढदै जान्छ। । पहिला मानिसहरु ढुङ्गे युग देखि घुमन्ते युग हुँदै आधुनिक समाज औधोगिक पुँजिवादी समाज सम्म आइपुग्यो । यसरी परिवर्तन हुन थाल्यो र गाँउ देखि शहर तिर उन्मुख हुँदै गयो । पहिलाका मनिसहरु आफ्नो

रितिरिवाज परम्परा अनुसार हरेक क्रियाकलाप गर्ने गर्दथ्यो तर अहिले पश्चिमीकरणले गर्दा पश्चिमी तिरको लगाइ, खुवाईहरु प्रयोग गर्न थालेका छन् जस्तै रोटी दालको साटो पिजा, र्वगर, मःम, चाउमीन आदि मन पराउन थालनु तथा कुर्ता, सारी बाट जिनस, पाइन्ट, टिसर्ट लगाउनु जस्ता कारणले थारु समुदायको विवाहमा पनि परिवर्तन हेर्न सकिन्छ ।

### ६.६ बसाइसराई

संस्कृति परिवर्तन हुनुको एक कारण यो पनि हो । विभिन्न कारणले जस्तै जागिर, पढाईको क्रममा बाहिर गएर बस्नु पर्ने हुन्छ , स्वदेश बाट विदेश बस्नुपर्ने हुन्छ , पहाडबाट तराई वा तराईबाट पहाड, शहरबाट गाँउ वा गाँउबाट शहर जस्ता कारणले पनि विवाह संस्कारमा परिवर्तन आएको देखिन्छ। जस्तै कुनै व्यक्ति पढाईको सिलसिलामा काठमाण्डौं बस्न थाल्दछन । त्यहाँको स्थानिय बासिन्दाको विवाहमा संलग्न हुन्छ र उनीहरुको विवाह संस्कार हेरेर आफ्नो गाँउ फर्किदा त्यहँका नयाँ संस्कारहरु अंगालन थाल्दछन् । यस्ता कारणले पनि यस गाँउका थारुहरुको विवाह संस्कारमा परिवर्तन आएको देखिन्छ ।

### ६.७ मनोवैज्ञानिक तत्व

पहिला समाजमा विवाहलाई एकदम महत्वपूर्ण मानिन्थ्यो । एउटा महिलालाई विहे गरेर घर ल्याइन्थ्यिो त्यसपछि महिलालाई एउटा जिम्मेवारी दिइन्थ्यो जस्तो घरपरिवारलाई हेर्ने, बच्चा जन्माउने अनि हुर्काउने, सासु ससुराको सेवा गर्ने, गाईवस्तु हेर्ने। यस्तो जिवनलाई महत्वपूर्ण मानिन्थ्यो र त्यही अनुसार समाज चलेको थियो तर वर्तमानमा यसलाई पूर्ण जिवन वा भनौ विवाह नै सबै कुरा भनेर मानिदैन। अहिले आएर शिक्षा र आर्थिक अवस्थालाई मानव विकासले महत्व दिइएको पाइन्छ। (हाइन्स १९९७) का अनुसार अहिले बढदो शहरीकरण, परिवारिक भुमिकाहरुको संस्थागतरुपमा घरपरिवारको हेरचाह, उत्पादनहरुमा प्राविधिक सुधारहरु र बढदो समवृद्धिले सनतोषजनक व्यक्तिगत उपलब्धीहरुबाट प्रोत्साहन भई गृहिणीजिवन मुल्यको सम्भावनालाई कम गरेको पाइन्छ। यस्तो कुराहरुले गर्दा महिला पुरुष दुवैलाई उनीहरुको क्षमताहरु महसुस गरी महिला पुरुषहरुलाई स्वतन्त्रता दिइएको छ। उनीहरु आफ्नो इच्छ अनुसार विवाह गर्न सक्छ। त्यही अनुसार मानिसहरुको मांसिक रुपमा को सँग कसरी विवाह गर्ने मांसिक रुपमा परिवर्तन आएको देखिन्छ ।

# अध्याय सात
# सांरश,र निष्कर्ष

## ७.१ सारंश

वर्तमानमा परिवर्तनहरु आउन बाध्य छन् र यस समुदायको विवाह पद्धतिले पनि धेरै परिवर्तनहरु अनुभव गरिरहेको छ। यसरी हेर्दा प्राविधिक, आर्थिक, नयाँ शैक्षिक ढाँचा र जिवन शैलीमा भएको परिवर्तनहरु यस परिवर्तनमा गहिरो भूमिका खेल्ने प्रमुख कारकहरु हुन्। अहिलेका मानिसहरु आत्मनिर्भर बन्दै गएकाले उपभोक्तावाद र त्यसका अवास्तविक आकाक्षांको पुस्ताले चाहना र तिनको पूर्तिबिचको खाडललाई बढाएको छ। यस बाहेक त्यस्ता उपभोक्तावादले स्वीकार्य वा वांछनीय बनाएका नयाँ मूल्यमान्यताहरुले छिट्टै मुर्त रुप लिइरहेका छन्। अहिले विवाहको उमेर जोडी छनौटको प्रकिया विवाहको उदेश्य सम्बँधविच्छेदको प्रवृति र विवाहको आर्थिक पक्षमा ठूलो परिवर्तन आएको छ।

यस अध्ययनको मुख्य उदेश्य थारु जातिको विवाह पद्धतिमा आएको परिवर्तन र यसरी परिवर्तन ल्याउने करणहरुको बारेमा व्याख्या र विश्लेषण गर्नु रहेको थियो। विवाह गरेपछि मानिसको जीवन पूर्णतातिर उन्मुख भएको र जिम्मेवारी बढेको अनुभूति गराउँदछ। यस समुदायमा परम्परागतरुपमा रहेका मागी विवाह, विधवा विवाह, वहु विवाह, वाल विवाह, चुमौन विवाह जस्ता विवाहहरु रहेका थिए भने वर्तमानमा मागी विवाह, प्रेम विवाह, अन्तरजातिय विवाह जस्ता विवाहहरु रहेको पाइयो। यसरी परम्परागत विवाह पद्धतिमा मनाउने संस्कारहरु र विधिहरु परिवर्तनशील रहेको पाइयो। यस समुदायको विवाह गर्ने विधिहरु धेरै रहेको पाइयो। यस जातिले परम्परागत देखि वर्तमानसम्म चलिआएको मागी विवाहलाई धेरै सम्मान र समाजमा अत्यन्तै आवश्यकता रहेको पाइयो। मागी विवाहमा वरवधु छनौट गर्ने अधिकार आमाबाबुको रहेकोमा हाल आएर यसमा परिवर्तन भई विवाह सम्बन्धि निर्णय लिने कुरामा केटाकेटी स्वयं आफ्नै अधिकार रहेको पाइयो। यसरी केटाकेटीको विचार तथा उनीहरुको अधिकारको सम्मान गर्दै यसलाई सकारात्मक रुपमा लिने गरेको पाइयो। यसरी कुलघरान र इज्जत सम्फेर सामाजिक प्रतिष्ठा अनुरुप धुमधामका साथ विवाह गर्नु यहाँका थारुहरुको राम्रो संस्कार हो।

यस समुदायको परम्परागत विवाहहरु जस्तै विधवा विवाह, चुमौन विवाह, वहु विवाह आदि जस्ता विवाहहरु हाल प्रचलनमा नरहेको पाइयो । वर्तमानमा यस समाजमा अन्तरजतिय विवाहको पनि चर्चा भएको पाइयो । तर यस समुदायमा सबैले परम्परागत मागी विवाह र यस पछि आफ्नै जातिभित्र प्रेम गरी विवाह गर्ने मन पराएको पाइयो । विवाहमा दाइजो लिनुदिनु महापाप हो भन्दै दाइजो दिने प्रथा नरहेको तर अचेल यो प्रथा मधेशमा रहेका अन्य जातिको प्रलोभनमा दहेज प्रथाले बिस्तारैबिस्तारै जरो गाड्दै गइरहेको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययनले यस ठाउँका थारु जातिका विवाहमा रहेका विभिन्न पद्धति, परम्परादेखि चल्दै आएका मुल्यमान्यता र प्रयासहरु निरन्तर रुपमा चलिरहेको पाइन्छ र यसका साथै परम्परागत रुपमा चलिआएको मुल्यमान्यतामा आइरहेको परिवर्तनको कारणले यो समाज परिर्वतन उन्मुख भइरहेको छ भने देखाउँछ । थारु जातिका आफ्नै मौलिक, परम्परागत मुल्यमान्यता र प्रचलनहरु रहेका छन् । परम्परागत रुपमा चल्दै आएको मागी विवाह थारुहरुले हालसम्म पनि अपनाएका छन् । थारुहरुमा एउटै थर भित्र नाता नपर्नेबीच विवाहगर्नलाई हुन्छ । यस जातिमा अन्तरजातिय विवाह खासै प्रचलनमा नरहेको पाइयो तर आफ्नै जातचित्र भने हुने गर्दछ । मागी विवाह प्रचलनमा रहेतापनि हाल विवाह गर्ने निर्णयमा भने केटाकेटी स्वयं आफ्नै अधिकार रहेको पाइन्छ । परम्परागत रुपमा एउटा थरका थारुहरुले अर्को थरको थारुसँग विवाह नगर्ने गरेकोमा यसमा अहिले परिवर्तन भई एक थरका थारुहरुले अर्को थरका थारुसँग विवाह सुरुगरेको पाइन्छ । यस थारु जातिमा विवाह गर्दा कुलघरान, वंशावली, खानदान, नाताकुटुम्ब, शैक्षिक अवस्था, रोजगारी, आर्थिक अवस्था सबै हेर्ने चलन छ । यस जातिमा सबै भन्दा बढी प्रचलन रहेको मागी विवाह नै हो तर हाल आफ्नै जातमा प्रेम गरी विवाह गर्ने प्रचलनमा आएको देखिन्छ । यस थारु समाजमा विवाह गर्दा लमीको माध्यमबाट विवाहको प्रसंग उठाइन्छ । यस लमीलाई थारु भाषामा दुरा भनिन्छ । विवाहमा दाइजो लिनुदिनुलाई पापको रुपमा लिदै गरेको तर हाल आएर समाजमा रहेको अन्य जातको सँगतमा दाइजो प्रथाले बिस्तारै जरो गाड्दै गएको देखिन्छ । यस जातिका परम्परागत मागी विवाह गर्दा विभिन्न चरणहरु पूरा गर्नुपर्ने हुन्छ । जस्तै मागी विवाहको सुरुवात देखासुनीबाट सुरु हुन्छ । त्यसपछि घरदेख, कुमरौन, लबभुजा, जन्तीप्रस्थान, सिन्दुरदान गरी आदि विधि पुरा हुन्छ । यस जातमा पहिला विवाह राति गर्ने

परम्परा रहेको थियो भने यसमा अहिले दिनमै गर्ने गरिन्छ। वर्तमानमा वाल विवाह, वहुविवाह नरहेको पाइयो।

मानवसमाजको बदलिदो विकासकमसँगै विवाह सम्वन्धि मान्यता, बुझाई, बसाइसराई, रोजगार, शिक्षा, आधुनिकीकरण, शहरीकरण तथा सुचना र संचारको आदान प्रदानको कारण थारु समाजको विवाह संस्कारमा परिवर्तन आउन थालेको देखिन्छ। अहिले यस जातिमा शिक्षाको प्रगतिले गर्दा विवाह सम्वन्धि परम्परागत मान्यता, सोच र प्रचलनमा परिवर्तन आउन खोजेको देखिन्छ।

# सन्दर्भसामग्री


आचार्य, बलराम (२०६५) , *विकास र सामाजिक-सांस्कृतिक परिवर्तन प्रतिको अवधारणा,* , नेशनल बुक सेन्टर, काठमाण्डौ ।

ओभ्मा, नेत्रकुमार (२०६८) , *समाजशास्त्रमा सैद्धान्तिक दृष्टिकोणहरु,* दिव्य देउराली प्रकाशन प्रा. ली. बागबजार, काठमाण्डौं ।

कट्टेल, शम्भुप्रसाद : थापा बाबुकाजी (२०१९) , *इम्पेक्ट अफ मोर्डननाईजेशन अन फेमली* एण्ड मेरिज ।

घिमिरे, हरिहर (२०६५) : *आधारभुत समाजशास्त्र र मानवशास्त्र* , चित्रधर मार्ग, भोटाहिटी, काठमाण्डौं ।

नेपालको वर्तमान संविधान, २०७२ ।

मार्गन , लिविस हेनरी (२००७) *, प्राचिन समाज,* नयी दिल्ली : प्रकाशन संस्थान ।

मिश्र, चैतन्य (२०६७) *,बदलिँदो नेपाली समाज, फइनप्रिन्ट प्राली,* विशालनगर, काठमाण्डौ ।

मिश्र, चैतन्य (२०५७) *,मूल्याङ्न विचार अन्तरक्रियामुखी* , मासिक पत्रिका :साभ्मा प्रकाशन प्रा.ली. काठमाण्डौं ।

शिवाकोटी, गोपाल (२०७४). *थारु जाति,* विधा मन्दिर कम्प्लेक्स, पुतलीसडक , काठमाण्डौं ।

शर्मा पौड्याल , घनश्याम (२०७८) : *धर्म, समाज, संस्कृति,* जागरण बुक हाउस, बागबजार, काठमाण्डौं ।

Afzal S.(2009) : *To estimate an equation explaining the determinants of dowry*. IUR. Journal of sciences and humanities. 1:33-47 .

Allen B. and Grow M (2001) : Antony of Love. *The natural history of Monogamy , Adultery and Divorce.* Simon and Schuster, New york .\

Goody J. and Tambia S.J. (1973) : *Bridewealth and Dowry.* Cambridge University press.

Gabriela, Rubio (2014) : *How love conquered marriage . Theory and Evidence on the disappearance of arranged marriages* , University of Calofornia , Merced . =

Ginzamang T. Zoni (2014) : *Marriage practices of the Zone tribe in Manipur. Continuity and Change* . International Journal of humanities and Social Sciences invention . Vol.3, issue 2. Gary S. Becker (1991) : *A treatise on the family* . Cambridge MA : Harvard University press, 80-107.

Herzberger, S. (1993) : *Consequences of retaliafory aggression against sibblings and peer, Urban minority and childrens expectations* . Child Development ,64: 1773-1785.

Hines, A (1997): *Divorce related transition, adolescent development and the role of the parent child relationship*. A review of the literature. Journal of marriage and family. 59:375-388.

Jone, G (2010) : *Post traumatic stress disorder among battered women risk and resiliency factors*, J. marriage and family. 8:17-28.

Karl G. Heider (2000) : *Seeing Anthropology through,* 4th edition.

Kapadia, K.M. (1982) : *Marriage and family in India.* Calcutta, India. Oxford University press.

Majumdar, P (1997) : *Matrimonial migration and review with special reference to India* . J. of Biosocial science . 9:38-401.

Smith, Deanna (2007) : *Nationalism*, 2nd edition. Cambridge: Polity. ISBN 978-0-7456-5128-6 .

Zerihum, Doda (2004) : *Teaching Anthropology for health extension works.* Debub University.

# परिशिष्ट–१

# अन्तर्वार्ता प्रश्नावली

**सामान्य जानकारी -**

१. उत्तरदाताको नाम ..........................

२. लिङ्ग ...........................

३. उमेर ..........................

४. वैवाल्कि स्थिति .........................

५. धर्म ..........................

६. शैक्षिक स्थिति ..........................

७. गाउँ ..........................

८. वार्ड .........................

९. कुल परिवारको सदस्य ....................

१०. परिवारको प्रकार ...........................

११. परिवारको विवरण :

| क.सं. | परिवारको सदस्यको नाम | उमेर | वैवाहिक स्थिति | शिक्षा | शैक्षिक निरन्तरता |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१२. तपाईको मुल उत्पति थलो ?

१३. तपाईको मुख्य पेशा के ?

१४. तपाईको आर्थिक स्रोतका कारणहरु के के हुन् ?

१५. थारु भनेको कस्तो जात हो ?

१६. विवाह भनेको के हो र यस जातमा विवाह कसरी गरिन्छ ?

१७. थारु जातमा कस्ता प्रकारका विवाहहरु हुन्छन्  ?

१८. मगनी विवाह के हो र यो कसरी गरिन्छ  ?

१९. दुरागमा भनेको के हो र यसको गर्ने विधिहरु कस्ता छन् ?

२०. वर्तमानमा दुरागमन गरिन्छ वा गरिदैन ?

२१. पहिला प्रेम विवाह गरिन्थ्यो ?

२२. विवाह पद्धतीमा हुने परिवर्तनका कारणहरु के के हुन् ?

२३. मागी विवाह के हो र यो कसरी गरिन्छ ?

२४. मागी विवाहमा हाल कस्ता परिवर्तनहरु आएका छन् ?

२५. पहिला प्रचलनमा रहेका विवाह पद्धती कस्ता थिए  ?

२६. पहिलेको विवाह संस्कार राम्रो कि अहिलेको  ?

२७.  थारु जातको विवाह संस्कार समाजमा रहेका अन्य जातसँग के कस्ता मेल खान्छन् ?

२८. विवाहमा परिवर्तन हुनु राम्रो वा नराम्रो ?

# परिशिष्ट–२

## अर्न्तवार्ता लिएको मुख्यजानकार व्यक्तिहरुको सूची

| क.सं | मुख्य जानकार व्यक्तिहरुको नाम | पेशा |
|---|---|---|
| १. | अरुण चौधरी | शिक्षक |
| २. | मनपुरण प्रसाद चौधरी | समाजसेवी तथा राजनीतिक अगुवा |
| ३. | ललबहादुर चौधरी | समाजसेवी |
| ४. | तेजनारायण चौधरी | कृतनभजन गर्ने मण्डली |
| ५. | चन्द्र प्रसाद चौधरी | वडा नं. १ को अध्यक्ष |
| ६. | नैनावती चौधरी | गृहिणी |
| ७. | गोरखनाथ चौधरी | भूतपूर्व प्रध्यापक |

## अध्ययन क्षेत्र पड्रिया वडा नं.१ का केही दृष्यहरु




दृष्य नं. १ - अर्न्तवर्ता लिएको अवस्था



दृष्य नं. २ - अर्न्तवर्ता लिएको अवस्था

# राजविराज नगरपालिका वडा नं.१  को नक्सा



http://lgcdp.gov.np/sites/default/files/GIS/12_Rajbiraj.jpg